मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक १४४ ● २०८१ साल वैशाख ०२ गते आइतबार ● Sunday 14, April 2024 ● सूर्योदय: बिहान ५:४२ बजे ● सूर्यास्त: साँझ ६:२९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# उज्यालो मधेश

मधेश प्रदेशको राजधानी जनकपुरधाम र आर्थिक नगरी वीरगंजका चार तस्बिर । जसले मधेश धूँवा, धूलो, वायु प्रदूषण र कोलाहल मात्र छ भन्नेहरुलाई जवाफ दिएको छ । प्रदेश राजधानी जनकपुरधामस्थित हिन्दूको आस्थाको केन्द्र जानकी मन्दिरमा नयाँ वर्ष २०८१ को पहिलो दिन शनिबार पूजाअर्चनामा सरिक भक्तजन । वीरगंजस्थित गहवा माई मन्दिरको रात्रीकालीन दृश्य । नेपाल भारत प्रवेश द्वार शंकराचार्य गेटको सफा दृश्य र वीरगंजमा भएको तीनदिने रात्री बजारमा गीतसंगीतमा झुम्दै सर्वसाधारण । तस्बिरहरुः मधेशदृष्टि


गह्वा मन्दिर


रात्री बजार


शंकराचार्य प्रवेशद्वार


जानकी मन्दिर

## 'नेपाल भारत सम्बन्धमा खलल पुर्याउनेबाट सचेत रहौं'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेपाल भारत सम्बन्ध निकै पुरानो रहेको बताउदै यसमा खलल पुर्याउनेबाट सचेत रहन आग्रह गरेका छन् । उनले सीमा क्षेत्रमा सुरक्षा र राजस्वको नाममा केही वर्ष यता सर्वसाधारणसँग सुरक्षाकर्मीबाटै भइरहेको व्यवहारले दुई देशबीचको सदियौँ पुरानो सम्बन्धमै खलल पुर्याउने कार्य भइरहेको उल्लेख गर्दै सुधार ल्याउन नेपाल र भारत दुवै सरकारसँग आग्रह गरे ।

स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतीय दूतावास काठमाडौँद्वारा नयाँ वर्षको अवसरमा शनिबार जनकपुरधाममा आयोजित द्वितीय जनकपुरधाम सांस्कृतिक महोत्सव उद्घाटन गर्दै मुख्यमन्त्री यादवले नेपाल भारतबीचको सम्बन्ध हिमाल भन्दा उचो र समुद्र भन्दा पनि गहिरो रहेको उल्लेख गरे ।

नेपाल भारतबीचको सम्बन्ध दुई देशको सरकार भन्दा पनि जनता जनताबीच रहेको उल्लेख गर्दै मुख्यमन्त्री यादवले भने, 'यसको पुष्टि रामललाको प्राण प्रतिष्ठाका बेला दुवै देशमा देखिएको हर्षोत्सवले गरिसकेको छ ।'

भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत डिएस मिनाको अध्यक्षतामा भएको कार्यक्रममा जनकपुरधाम उपमहानगरका प्रमुख मनोज कुमार साहसहितका वक्ताले सांस्कृतिक कार्यक्रमको सफलताको शुभकामना दिए । कार्यक्रममा संस्कृति एवम् अर्थविद् डा. हरिवंश झाले माता जानकी लिला प्रसंगबारे चर्चा गरेका थिए । महोत्सवमा दुई देशका नारीको साझा पहिरन साडीको प्रदर्शनीका साथै विभिन्न फोटो प्रदर्शनी गरिएको थियो ।

## महाकुम्भ मेलामा शाहीस्नान



**मधेशदृष्टि**
**सुनसरी ।**
वराहक्षेत्र नगरपालिका–१ चतराधाममा लागिरहेको १२ वर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलामा शाहीस्नान गरिएको छ । नयाँ वर्षको शुभसाइतमा यस वर्षको कुम्भ मेलाको पहिलो शाहीस्नान गरिएको हो । जगदगुरु बालसन्त मोहनशरण देवाचार्यसहित साधुसन्तले बराहक्षेत्रस्थित सप्तकोशी नदीमा शाहीस्नान गरेका हुन् ।

एक महिनासम्म लाग्ने कुम्भमेलामा जम्मा चारवटा स्नान कार्यक्रम राखिएका छन् । वैशाख ११, १६ र २६ गते शाहीस्नानका कार्यक्रम राखिएको छ । हिन्दू धर्मशास्त्रीय मान्यताअनुसार विश्वका चारधाममध्येको एक पवित्र तीर्थ वराहक्षेत्रस्थित सप्तकोशी नदीमा सन्त, महन्तलगायतले शाहीस्नान गरेको जगदगुरु देवाचार्यले बताए ।

धर्मशास्त्रअनुसार सन्त, महन्तले गर्ने स्नानलाई शाहीस्नान भनिन्छ ।

शुभ मुहुर्तमा शाहीस्नान गरे अमरताको वरदान प्राप्त गर्ने धार्मिक विश्वास रहेको देवाचार्यले बताए । वराहक्षेत्रस्थित चतराधाममा चैत २७ देखि शुरु भएको महाकुम्भ मेला वैशाख २८ गतेसम्म सञ्चालन हुनेछ । कुम्भमेलाकै अवसरमा चतरास्थित रामानन्दाचार्य सेवापीठले पनि शनिबारदेखि सङ्कटमोचन श्रीहनुमद महायज्ञ शुरु गरेको छ । महायज्ञमा वैशाख ५ गते पीठको निमन्त्रणमा भारतको बागेश्वरधामका कथावाचक धीरेन्द्र शास्त्री (बागेश्वर सरकार) सहभागी हुने कार्यक्रम रहेको जनाइएको छ । शास्त्रीले चतरामा वैशाख ९ गतेसम्म हनुमान कथावाचन गर्ने आयोजकले जनाएको छ ।

## समाजवादका लागि सांस्कृतिक रुपान्तरण जरुरी

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादको आधार तयार पार्न सांस्कृतिक रुपान्तरण र समाजवादी संस्कृतिको दिशाबोध आधारभूत शर्त भएको बताएका छन् । नयाँ वर्ष २०८१ का अवसरमा सांस्कृतिक संस्थानले गरेको 'शुभारम्भ सांस्कृतिक साँझ–२०८१'मा उनले समाजवादीको संस्कृति निर्माणको पक्षमा सम्पूर्ण देशभक्त एवम् प्रगतिशील समुदायले योगदान गर्न सक्नुपर्ने बताए ।

'नेपाली जनताको लामो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त भएको संविधानले समाजवादउन्मुख राज्य निर्माणको सङ्कल्प गरेको छ, देशको अग्रभागमा रहेर विशाल राष्ट्रिय जागरण पैदा गर्न सांस्कृतिक संस्थानलगायतले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ,' प्रधानमन्त्री दाहालले भने ।

सांस्कृतिक नीति, साधनस्रोत, पूर्वाधार, स्रष्टा र कलाकारको प्रोत्साहनलगायत विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै उनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेटमा सांस्कृतिक संस्थानका चासोलाई सम्बोधन गरिने विश्वास दिलाए ।

प्रधानमन्त्री दाहालले संस्थानद्वारा आयोजित सांस्कृतिक साँझले आफूलाई छुट्टै ऊर्जा र प्रेरणा दिएकोसमेत बताउ । उनले भने, 'यस कार्यक्रममा प्रस्तुत भएका प्रस्तुतिहरूले मलाई छुट्टै ऊर्जा र प्रेरणा प्रदान भएको छ । कार्यक्रममा विभिन्न भाषाभाषी, सांस्कृतिक विविधता, प्रदेशगत सांस्कृतिक प्रस्तुति, देशभक्तिपूर्ण भावनाले ओतप्रोत प्रस्तुतिले देशको राष्ट्रिय एकता र सांस्कृतिक विविधताको आत्मसातीकरण र प्रवर्द्धनमा महत्त्वपूर्ण प्रेरणा प्रदान गरेको ठानेको छु ।'

संस्थानका महाप्रबन्धक किरणबाबु पुनले लोपोन्मुख अवस्थामा रहेका लोकगीत, लोकसङ्गीत, लोकवाद्य, लोकनृत्य, लोकनाटकको संरक्षण र प्रवर्द्धन गर्न क्रियाशील रहेको बताए । उनले 'सांस्कृतिक संस्थानको हर्ष, मनाऔँ नेपाली नयाँ वर्ष' भन्ने नाराका साथ प्रत्येक साताको शुक्रबार साँझ सांस्कृतिक कार्यक्रम आयोजना गरिने जानकारी दिए ।

'संस्कृतिलाई पर्यटनसँग जोडेर उत्पादनतर्फ अग्रसर गर्न विदेशी पर्यटक लक्षित कार्यक्रममा सात प्रदेशमा लोपोन्मुख अवस्थामा रहेका लोकगीत, नृत्य, धुन, नाटक तथा सबै जातजातिको जन्मदेखि मृत्यु पर्यन्तसम्मका लोक संस्कृतिलाई प्रदर्शन गरिनेछ,' उनले भने ।

कार्यक्रममा कलाकारले राष्ट्रिय गीत, भुओ, घोडचढी, धिमे र भूमेनाच तथा कौरा र भोजपुरी नृत्य एवम् लोक नाटक र प्रसहन प्रस्तुत गरेका थिए । समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङलगायतको उपस्थिति थियो ।

# गैँडाको आक्रमणबाट नेचर गाइडको मृत्यु

**रासस**
**भरतपुर ।**
चितवन राष्ट्रिय निकुञ्जमा पर्यटक घुमाउन गएका नेचर गाइडको गैडाको आक्रमणबाट मृत्यु भएको छ । शनिबार बिहान ११:५० बजे चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन केन्द्रदेखि पश्चिम क्षेत्रको मध्यवर्ती वन क्षेत्रमा पर्यटक घुमाउन लगेका गोरखा आरुघाट गाउँपालिका–८ पोखरी घर भई हाल रत्ननगर नगरपालिका–६ सौराहा बस्ने ३२ वर्षीय सुवास रेग्मीलाई गैँडाले आक्रमण गरेको थियो ।
गैँडाको आक्रमणबाट गम्भीर घाइते रेग्मीको उपचारको क्रममा चितवन मेडिकल कलेजमा दिउँसो १:३९ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता श्रीराम भण्डारीले जानकारी दिए । रेग्मी सौराहाको जङ्गल वर्ल्ड रिसोर्टमा नेचर गाइडको काम गर्दै आएका थिए । रेग्मी लाइसेन्स प्राप्त नेचर गाइड रहेको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिए । उनले निकुञ्ज घुम्न गएका पर्यटक सकुशल रहेको बताए ।
गैँडाको आक्रमणबाट बेपत्ता भएका रेग्मीको चारवटा हात्ती प्रयोग गरेर खोजी गरिएको थियो । 'निकुञ्जमा पर्यटकलाई वन्यजन्तु देखाउने गाइडलाई आक्रमण गरेको घटना बिरलै हुने गरेको छ', तिवारीले भने, 'नयाँ वर्षको दिन दुःखद् घटना भयो ।' मृतक रेग्मीको शव परीक्षणका लागि भरतपुर अस्पतालको शवगृहमा राखिएको छ ।

# निष्पक्ष न्यायपालिकाको संस्थागत विकासमा जोड



**रासस**
**काठमाडौँ ।**
प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले निष्पक्ष न्यायपालिकाको संस्थागत विकासमा जोड दिएका छन् । नववर्ष २०८१ का अवसरमा आज जारी गर्नुभएको शुभकामना सन्देशमा उनले न्यायपालिकाबाट भएका सुधारका प्रयासलाई सार्थक र परिणाममुखी बनाएर यसलाई सक्षम, सुदृढ र भरोसायोग्य न्यायप्रणालीका रूपकम स्थापना गर्न नयाँ वर्षमा सबैलाई सफलता मिलोस् भन्ने कामना गरेका छन् ।
प्रधानन्यायाशधीले परापूर्वकालदेखि नेपाली समाजमा रहिआएको आपसी सद्भाव र सहिष्णुता कायम राख्दै सामाजिक ऐक्यबद्धता प्रवद्र्धन गर्न नयाँ वर्षको विशेष दिनले सबैमा थप ऊर्जा, हौसला र प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरेका छन् । शुभकामना सन्देशमा भनिएको छ, 'नेपालको संविधानले आत्मसात् गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवं कानूनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्दै मुलुकमा दिगो शान्ति, सुशासन, विकास, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्न विक्रम संवत् २०८१ मा विशेष योगदान पुग्न सकोस् भन्ने कामना गर्दछु ।'
'जनताको आस्था एवं विश्वासको धरोहरका रूपमा रहिरहन न्यायपालिकाले जनतालाई गुणस्तरीय न्याय प्रवाह गर्ने कार्यमा दत्तचित्त भएर लागिपरेको छ, ढिलो न्याय दिनु न्याय दिन इन्कार गर्नु हो भन्ने मान्यतालाई आत्मसात् गर्दै न्यायमा सहज पहुँच, छिटोछरितो एवं प्रभावकारी न्याय सम्पादनको माध्यमबाट सबैलाई न्यायको सुनिश्चतता हुनुपर्छ' शुभकामना सन्देशमा भनिएको छ ।
न्यायिक सुशासन, गुणस्तरीय सेवा प्रवाहलगायत न्यायपालिकाले अगाडि सारेका सुधारका कार्यक्रमहरूले नयाँ वर्षमा थप गति प्राप्त गर्दै जाने विश्वास सन्देशमा व्यक्त गरिएको छ । प्रधानन्यायाधीशले न्यायिक क्षेत्रमा क्रियाशील न्यायाधीश, कानुन व्यवसायी, न्यायपालिकामा कार्यरत कर्मचारी, सेवाग्राहीका साथै स्वदेश तथा विदेशमा रहेका सबै नेपालीप्रति शुभकामना व्यक्त गरेका छन् ।

# एक महिनामा ७५ लाखभन्दा बढी भेटी सङ्कलन

**रासस**
**ताप्लेजुङ ।**
ताप्लेजुङको पाथीभरा मन्दिरमा चैत महिनामा ७५ लाख रुपैयाँ भन्दा बढी भेटी सङ्कलन भएको छ । पाथीभरामा पूजापाठ गर्न पुगेका भक्तजनले चढाएको भेटीका रूपमा सो बराबरको नगद सङ्कलन गरिएको हो । पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार चैतमा ७५ लाख सात हजार एक सय ५० रुपैयाँ भेटी सङ्कलन भएको छ । सङ्कलित भेटी गणना गरी बैंकमा जम्मा गरिएको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ ।
तीन हजार सात सय ९४ मिटरको उचाइमा रहेको पाथीभरा मन्दिरमा दर्शनार्थीले चढाएको भेटी रकम पाथीभरा क्षेत्र विकास समितिले सङ्कलन तथा गणना गरी हरेक महिना सार्वजनिक गर्दै आएको छ । पाथीभरा (मुकुमलुङ)मा चैतमा ५२ हजारभन्दा बढीले पूजापाठ गरेका छन् । पाथीभरा क्षेत्र विकास समितिका अनुसार ५२ हजार चार सय ५५ भक्तजनले पाथीभरा पूजा थाममा पुगेर पूजापाठ गरेका छन् । चालु आर्थिक वर्षको नौ महिनामा सबैभन्दा धेरै चैतमा पाथीभरामा भक्तजनले पूजापाठ गरेका छन् । गत साउनदेखि चैत मसान्तसम्म एक लाख ६८ हजार चार सय ६८ भक्तजनले पाथीभरामा पुगेर पूजापाठ गरेको समितिले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ ।
भदौमा पाँच हजार, असोजमा १० हजार तीन सय ४३, कात्तिकमा ४९ हजार एक सय ६३ भक्तजन पाथीभरा आएको समितिले जनाएको छ । यस्तै मङ्सिरमा २० हजार चार सय १६, पुसमा पाँच हजार छ सय ५५, माघमा छ हजार चार सय एक, फागुनमा १७ हजार नौ सय १२ जना तीर्थयात्री आएका हुन् ।

# एमाले बागलुङको अध्यक्षमा केसी



**रासस**
**बागलुङ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) बागलुङको अध्यक्षमा हीराबहादुर केसी सर्वसम्मत निर्वाचित भएका छन् । शुक्रबारदेखि बागलुङ बजारमा सुरु भएको १०औँ जिल्ला अधिवेशनबाट केसी दोस्रो कार्यकालका लागि सर्वसम्मत चयन भएका हुन् । निर्वाचन संयोजक डा डिल्लीराज गौतमका अनुसार एमाले गण्डकी प्रदेश कमिटीका पूर्वसदस्य हरिनारायण गौतमले उम्मेदवारी फिर्ता लिएपछि केसी सर्वसम्मत अध्यक्ष भएका हुन् । साथै उपाध्यक्षमा विष्णु भुसाल सर्वसम्मत भएका छन् । यसअघि सचिव रहेका भुसाल नवौँ जिल्ला अधिवेशनमा समेत सर्वसम्मत भएका थिए ।
सचिवमा भने तीन जनाको उम्मेदवारी परेको छ । एमाले जिल्ला सचिवमा गणेश थापा, कुमार खड्का र चन्द्र प्रकाश शर्माको उम्मेदवारी परेको निर्वाचन कमिटीले जनाएको छ । सचिवमा सर्वसम्मतको प्रयास भइरहेको छ । उपसचिवमा पनि सर्वसम्मत रूपमा धनबहादुर परियार र करमती पुन चयन भएका छन् । 'निर्वाचनको कार्यतालिकामै छौँ, एकल उम्मेदवारी कायम भएपछि अध्यक्ष, उपाध्यक्ष र उपसचिवमा सर्वसम्मत भइसकेको छ', संयोजक गौतमले भने, 'सचिवको विषयमा पार्टीले छलफल गरिरहेको होला, निर्वाचन कार्यतालिकाअनुसार हामी अगाडि बढिरहेका छौँ, एकल उम्मेदवारी पर्नु भनेको निर्वाचन जित्नु हो, निर्वाचन कार्यतालिकाअनुसार सबैको नतिजा आएपछि मात्रै घोषणा हुन्छ ।'

# बाँकेका १६ सीमा स्तम्भ हराए



**रासस**
**बाँके ।**
बाँकेका नदीनाला क्षेत्रमा रहेका १६ वटा नेपाल–भारत सीमा स्तम्भ हराएका छन् । बाँकेमा भारतसँग जोडिएको ६५ किलोमिटर सीमा नाकाअन्तर्गत पाँच मुख्य र ११ सहायक गरी १६ सीमा स्तम्भ हराइरहेको सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरी बल बागेश्वरी गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक विमल डाँगीले जानकारी दिए । 'नदीनाला क्षेत्रमा रहेका पिल्लर हराएका छन् । अन्य केही जीर्ण अवस्थामा छन', सशस्त्र प्रहरी उपरीक्षक डाँगीले भने, 'हराएका पिल्लर प्रायः राप्ती नदी आसपासका छन्, बाढीले बगाएका ती पिल्लर पुनःनिर्माण हुन नसकेको हो ।'
नरैनापुर–१ हुलासपुर्वास्थित सीमा स्तम्भ जीर्ण भई भत्किने अवस्थामा छ । बाँकेमा भारतसँग जोडिएको ६५ किलोमिटर सीमा क्षेत्रमा ३२ मुख्य र दुई सय ७९ सहायक गरी तीन सय ११ सीमा स्तम्भ छन् । कुनै पनि सीमा स्तम्भको मर्मत र रंगरोगन गर्नका लागि नेपाल भारत दुवै देशको संयुक्त प्रतिनिधित्व चाहिन्छ । सीमा स्तम्भ नदीनालाले बगाएको वा ढलेको भए दुई देशको नापी विभागको संयुक्त टोली बिना केही गर्न नपाइने भएकाले सशस्त्र प्रहरी बलले सीमा स्तम्भको नियमित अनुगमन गरी सम्बन्धित निकायमा पठाउने गरेको प्रहरी उपरीक्षक डाँगीको भनाइ छ ।
दुई देशको संयुक्त निर्णयमा केही महिनाअघि सशस्त्र प्रहरीले ७१ सीमा स्तम्भ रङरोगन गरेको छ । सन् २०१४ यता बनेका एक सय ४० सीमा स्तम्भमध्ये नेपालले बिजोर नम्बर र भारतले जोर नम्बर भएका सीमा स्तम्भ रङरोगन गरेका छन् । दुई देशको संयुक्त टोलीले फाइनल गर्न बाँकी एक सय ७१ सीमा स्तम्भको मर्मत र रङरोगन हुन नसक्दा जीर्ण बनेका छन् । बाँकेको सीमा क्षेत्रमा भौतिक पूर्वाधार र आवश्यक जनशक्ति नहुँदा नेपालतर्फ सशस्त्र प्रहरीले सीमामा बाक्लो उपस्थिति जनाउन सकेको छैन । पैसठ्ठी किलोमिटरमा सशस्त्र प्रहरीले १० बोर्डर आउट पोष्ट (बिओपी) राखेर सुरक्षा दिइरहेको छ । भारततर्फ भने २३ बिओपी रहेका छन् । नेपालतर्फ जानकी गाउँपालिकाको साइगाउँमा एउटा बिओपी थप्ने तयारी भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।

**झुलाघाट नाका मङ्गलबारदेखि बन्द हुने**

भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाका मङ्गलबारदेखि बन्द हुने भएको छ । भारतमा हुने लोकसभा निर्वाचनलाई मध्यनजर गर्दै सीमानाका बन्द गर्न लागिएको बैतडीका प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले जानकारी दिए । अप्रिल १९ तारिख (वैशाख ७ गते) उत्तराखण्ड राज्यमा निर्वाचन हुँदैछ । उक्त निर्वाचनलाई मध्यनजर गर्दै वैशाख ४ गते साँझ ७ देखि वैशाख ७ गते साँझ ७ बजेसम्म झुलाघाट नाका बन्द रहने प्रजिअ शर्माले बताए । सुरक्षा संवेदनशीलताको कारण नाका बन्द हुन लागेको हो । सीमा बन्द रहेको अवधिमा आकस्मिक रूपमा खोल्नुपरेमा आपसी सहमतिमा खोल्न सकिने जनाइएको छ । भारतीय अधिकारीहरूसँग यसअघि नै समन्वय गरेर नाका बन्द गरिने भएको हो । कुनै देशमा चुनाव हुँदा अन्तर्राष्ट्रिय नियमानुसार नै सीमा बन्द गर्ने चलन छ ।

# सौराहाका होटलमा शतप्रतिशत अकुपेन्सी



**रासस**
**भरतपुर ।**
देशकै प्रमुख पर्यटकीय गन्तव्यमध्येको एक चितवनस्थित सौराहा नयाँ वर्ष मनाउन आएका पर्यटकले भरिभराउ छ । सौराहाका सबै होटल शतप्रतिशत बुकिङ भएको व्यवसायीले बताएका छन् । क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष गङ्गा गिरीका अनुसार सौराहामा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य पर्यटक छन् । सौराहाका होटल भरिएपछि रत्ननगर, भरतपुरलगायतका बजार क्षेत्रका होटलमा समेत पर्यटक बसेका छन् । सात हजार पर्यटकको क्षमता रहेको सौराहामा शुक्रबार झण्डै नौ हजार पर्यटक आएको गिरीले बताए । 'यतिबेला दैनिक पाँच सय चिनियाँ पर्यटक सौराहा घुम्न आएका छन्, भारतीय र युरोपका देशबाट आउने पर्यटकको संख्या पनि उत्तिकै छ' उनले भने । तीन महिनायता चिनियाँ पर्यटकको संख्या उल्लेख्य रहेको उनले बताए । उनले चितवनसँग देशका प्रमुख सहर जोड्ने सडक सुधार गर्न सके पर्यटकको झन् बढ्ने बताए । विसं २०८१ मा घुमौँ सौराहा अभियान चलाउने योजना रहेको भन्दै उनले अब पर्यटन व्यवसायमा उत्साह जाग्दै जान थालेको बताए । क्षेत्रीय होटल सङ्घ सौराहाका निवर्तमान अध्यक्ष दीपक भट्टराईले नयाँ वर्षले सौराहाको पर्यटन व्यवसाय पुरानै लयमा फर्केको अनुभूति भएको बताए । उनले पछिल्लो तीन महिनामा पर्यटकको आवागमन उल्लेख्य रहेको भन्दै नयाँ वर्षमा झन् धेरै पर्यटक आउने अपेक्षा गरिएको बताए । शुक्रबार सौराहामा दुई–तीन ठाउँमा साङ्गीतिक कार्यक्रम आयोजना गरिएको थियो । सौराहाका रेष्टुराँमा विभिन्न खानाका परिकारको स्वाद लिन आउने पर्यटकको चाप पनि उत्तिकै रहेको रेवान सौराहाका अध्यक्ष धुरव गिरीले बताए । राप्ती किनार पर्यटकले भरिएको छ । चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएका सौराहा, पटिहानी, जगतपुर, मेघौली लगायतका स्थानमा समेत पर्यटकको आगमन बढेको व्यवसायीले बताएका छन् । शुक्रबार नारायणी नदी किनार र भरतपुरका विभिन्न ठाउँमा समेत साङ्गीतिक कार्यक्रम भएका छन् ।
सौराहामा मात्र साना–ठूला गरी एक सय ४६ होटल छन् भने जगतपुर र मेघौलीमा समेत सुविधायुक्त होटल छन् । दैनिक सात हजार बढी पर्यटक बस्न मिल्ने क्षमता सौराहामा छ । सयभन्दा बढी रेस्टुराँ र सोही संख्यामा साना पर्यटन व्यवसाय सञ्चालित छ । यहाँ वार्षिक दुई लाख हाराहारी पर्यटक आउँछन् । चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती सामुदायिक वनभित्र दुर्लभ एकसिङ्गे गैँडा, बाघलगायत वन्यजन्तु हेर्न पर्यटक आउँछन् । हात्ती चढेर जङ्गल सफारी गर्ने, नदीमा डुङ्गा सयर गर्ने र निकुञ्जमा पदयात्रा गर्ने पर्यटकको मुख्य उद्देश्य रहन्छ ।

# एमालेले जनताका मुद्दा सम्बोधन गर्छः ज्ञवाली



**रासस**
**दमौली ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले एमालेले जनताका मुद्दा सम्बोधन गर्ने बताएका छन् । एमाले व्यास नगर कमिटीले नयाँ वर्षको अवसरमा शनिबार यहाँ आयोजना गरेको शुभकामना आदानप्रदानमा उपमहासचिव ज्ञवालीले एमाले सधैँ जनताको पक्षमा रहेको र जनताका मुद्दालाई प्राथमिकता दिँदै आएको बताएका हुन् ।
उपमहासचिव ज्ञवालीले देशमा एमाले नै सकियो कि भन्ने भाष्य बनाइएको उल्लेख गरे । उनले भने, 'विगतमा सरकारमा रहेर विपक्षी दल एमालेलाई देशमा नै एमालेको अस्तित्व सकियो भन्ने प्रोपोगोण्डा चलाइएको थियो, तर त्यो सम्भव थिएन र भएन ।' एमाले जनताको प्रिय पार्टी भएकाले सिध्याउन सम्भव नभएको भन्दै उनले वर्तमान राजनीतिक कोर्षलाई सही दिशामा ल्याउन एमालेको भूमिका रहेको उल्लेख गरे । उनले भने, 'सरकारको मुख्य उद्देश्य भनेको राजनीतिक स्थिरता हो । जसले सुशासन र विश्वास सिर्जना गर्दछ । देशको अर्थतन्त्र सुदृढ बनाउन अहिलेको सरकार लागिपरेको छ ।' घेराबन्दीको बाबजुद पनि एमाले देशको प्रमुख शक्ति भएको हुँदा एमालेले मात्र देशको विकास र समृद्धि ल्याउने उनको भनाइ थियो । भ्रष्टाचारविरुद्धको लडाइँमा कुनै पक्षपात नगरिने हुँदा अब देश निर्माणमा सम्पूर्ण राजनीतिक शक्ति एकजुट हुनुपर्नेमा ज्ञवालीले जोड दिए ।



**घण्टाघर परिसरमा नाली सरसफाइ :** वीरगंजको घण्टाघर परिसरमा फोहोरमैलाले भरिएको नाली सरसफाइ गर्दै वीरगंज महानगरका सरसफाइ कर्मचारी ।
तस्बिर हिमाल लम्साल/रासस

# देश समृद्ध बनाउन युवाको अहम भूमिका हुन्छः साह




**मधेशदृष्टि**
**रौतहट ।**
पूर्व मन्त्री तथा आम जनता पार्टीका अध्यक्ष प्रभु साहले कुनै पनि देशलाई समृद्ध बनाउन युवाहरुको अहम भूमिका हुने विचार व्यक्त गरेका छन् ।
शनिबार गृह नगर रौतहटको मौलापुर नगरपालिका स्थित आयोजित नव वर्ष २०८१ को शुभकामना आदानप्रदान तथा युवाहरुसँग अन्तरक्रिया कार्यक्रममा उक्त अधयक्ष साहले उक्त विचार व्यक्त गरेका हुन् ।
मौलापुर–५ पार्क होटलमा आयोजित कार्यक्रमलाई सम्बोधनको क्रममा सांसद साहले अहिले देश सङ्कटग्रस्त अवस्थामा रहेको बताउँदै देश विकासको लागि युवाहरु जस्तै नेता इमान्दार हुनुपर्ने कुरामा जोड दिएका थिए । उनले देश र समाजको सामाजिक सुधारको लागि युवाको अहम भूमिका हुनु जरुरी भएको बताएका थिए । उक्त अवसरमा मौलापुर नगर प्रमुख रिना साह, आम जनता पार्टीका महासचिव मनोज यादव, स्थायी कमिटी सदस्य विजय यादव निर्विज, आम विद्यार्थी मोर्चाका केन्द्रीय अध्यक्ष विवेक साह, आईटी आर्मीका केन्द्रीय सदस्य रामशरण यादव, लगायत दर्जनौं युवा तथा स्थानीय नेता कार्यकर्ताको सहभागिता रहेको थियो ।

# रूपनगरमा 'राष्ट्रका लागि दुई घण्टा योगदान' कार्यक्रम




**अनिल पोखरेल**
**राजविराज ।**
दार्चुलाका एक युवा कर्मभूमि सप्तरीका जनताको सेवामा जुटेका छन् । आँखा स्वास्थ्य कार्यकर्ता अनिल साउदले सप्तरी, रूपनगरका जनताको निशुल्क स्वास्थ्य परीक्षण गरेर नयाँ वर्ष २०८१ को सुखद आरम्भ गरेका छन् । तिलगंगा आँखा प्रतिष्ठानद्वारा सञ्चालित तिलगंगा कञ्चनरूप सर्जिकल आँखा केन्द्र, रूपनगरका आँखा स्वास्थ्य कार्यकर्ता अनिलले राष्ट्रका लागि दुई घण्टा योगदान भन्ने मूल भावका साथ रूपनगर चोकमा रक्तचाप, मधुमेह जाँच, दृष्टि परीक्षण, बिएमआइ, लगायत स्वास्थ्य अवस्थाबारे निशुल्क परामर्श दिने अभियान शुरु गरेका हुन् ।
रूपनगर क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले नागरिकको सेवा आफैँबाट शुरु गरौँ भन्ने राष्ट्रका लागि दुई घण्टा योगदान कार्यक्रमको उद्घाटन गरे । एक जनाको रक्तचाप परीक्षण गरेर कार्यक्रमको शुभारम्भ गर्दै प्राध्यापक गजुरेलले भने, 'दुर्गम दार्चुलाबाट आएको केही दिनमै तराईको समाज, हावापानी र परिस्थितिसँग घोलिएर रमाउने युवा अनिल प्रति सप्तरीवासी हामी आभारी भएर मात्र पुग्दैन । यिनको समाज सेवामा हामी पनि हरेक तवरले सहयोगी बन्न सक्नु पर्छ ।' उनको पवित्र सेवाका लागि प्राध्यापक गजुरेलले तीन हजार रुपियाँ सहयोग हस्तान्तरण गर्दै भोलिका दिनमा पनि सकेको मद्दत गर्ने प्रतिवद्धता व्यक्त गरे । मधेश प्रदेशका गृह मन्त्री राजकुमार लेखीले रक्तचाप र आँखा जाँच गराएर अनिल साउदको सेवा भावको प्रशंसा गरे । उक्त अवसरमा कञ्चनरूप नगरपालिकाका पहिलो नगर प्रमुख बसन्त मिश्रले पनि स्वास्थ्य परीक्षण गराए । नयाँ बर्ष २०८१ को पहिलो शनिबारदेखि, हरेक शनिबार बिहान ६ बजे देखि ८ बजेसम्म, दुई घण्टा, रूपनगर चोकको प्रतीक्षालयमा बसेर रक्तचाप, सुगर जाँच, दृष्टि परीक्षण र स्वास्थ्य अवस्था बारे परामर्श सेवा दिने बताउने अनिल साउदलाई यस्ता महत्वपूर्ण स्वास्थ्य परीक्षण सेवाबाट सर्वसाधारणलाई आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी पाउन र सम्भावित जोखिमबाट बच्न मद्दत पुग्ने विश्वास छ ।
आफू बसेको ठाउँका आमाबुबाको सेवा गर्न पाउँदा आनन्द लागेको बताउने यी कर्मठ युवा परिपक्क प्रौढ शैलीमा कुरा गर्छन् । उनी भन्छन्, 'सक्रे सहयोग हामी सबैले एक अर्कालाई गर्ने हो भने समाज सकारात्मक लयमा हिड्नेछ र मानवताका व्यवहारले हाम्रो जिन्दगी सरल बन्नेछ । यही आदर्श बोकेर छुट्टीको दिन, हरेक शनिबार, बिहान दुई घण्टा स्वास्थ्य सेवा दिने र यसबाट आम जनतामा स्वास्थ्य बारे चेतना फैलिने विश्वास लिएको छु ।' राष्ट्रका लागि दुई घण्टा योगदान कार्यक्रम पहिलेको कर्मभूमि रामेछाप जिल्लामा एक वर्ष सफलतापूर्वक चलाइसकेका र हाल उक्त कार्यक्रम त्यहाँको नगरपालिकाले निरन्तरता दिइरहेको बताउने अनिल सरुवा भएर रूपनगर आएका हुन् ।
रामेछापबाट तीन महिना अघि सप्तरीको रूपनगर आएका यी उत्साही युवा सूक्ष्म अनुसन्धान समेत गर्ने रहेछन् । यो ठाउँमा मधुमेह र उच्चरक्तचाप भएका मान्छेहरू अत्यधिक रहेछन् भन्ने जानकारी दिँदा यी स्वास्थ्य कार्यकर्ता गम्भीर बन्छन् । उनको सूक्ष्म अध्ययनका अनुसार यस्ता नसर्ने रोग र त्यसको जोखिमबारे मानिसमा चेतना पनि कम छ । उनी भन्छन्, 'उच्च रक्तचापको औषधि अस्पताल गएको बेला खाएको र औषधि सकिए पछि खान छोडेका, डाक्टरले औषधि खानुपर्छ भने पनि नखाने आमाबुबाहरू थुप्रै हुनु हुन्छ, रूपनगर क्षेत्रमा । यस्ता धेरै जना सँग भेटेर कुराकानी गरे पछि यो शनिबार कार्यक्रम शुरु गरेँ ।'
राष्ट्रका लागि दुई घण्टा योगदान कार्यक्रमलाई कानूनी रूपमा मर्यादित र सेवाग्राहीहरूको विश्वसनीयता समेतका लागि कञ्चनरूप नगरपालिकाबाट सञ्चालन अनुमति समेत लिएका छन् अनिलले । रक्तचाप आदि जाँच्न खर्च नलागे पनि मधुमेह परीक्षणमा लाग्ने खर्च आफ्नै तलबबाट जुटाउने सुर कसेका यी युवाको होस्टेमा हैँसे गर्ने मनकारीहरू अघि सरेका छन् । पाँच सय जनाको मधुमेह परीक्षण गर्न बीस हजार रुपियाँ जति खर्च लाग्ने अनुमान अनिलको छ । सेवाको यो अभियानबारे आफ्नो फेसबुकमा लेखे पछि उनलाई सहयोग गर्नेहरूको ओइरो लाग्यो । 'अहिलेलाई चाहिने खर्च जुटिसक्यो अब पैसा नपठाउनुस्' उनी फेसबुकमा भन्छन् 'पछि चाहियो भने फेरि जुटौँला ।'

# जन्मदिनमा वृक्षारोपण अभियान देशव्यापी बन्दै



**सञ्जय मिश्रा**
**रौतहट ।**
तराई विकास तथा संचार केन्द्र नेपालले रौतहटबाट सुरुवात गरेको जन्मदिनलाई सत्कर्ममा जोडौ अर्थात जन्मदिनको अवसरमा बृक्षारोपण अभियान देशव्यापी हुन थालेको छ । तराई विकास तथा संचार केन्द्र नेपालका अध्यक्ष तथा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द प्रसाद चौलागाईंले आफ्नो जन्मदिनको अवसरमा गृहनगर रौतहटको चन्द्रपुरबाट सत्कर्ममा जोडौं कार्यक्रमको आयोजना गरी बृक्षारोपण गरेर अभियानको थालनी गरेका थिए ।
युवा पिढीले आफ्नो जन्मदिन अति नै खर्चिलो तथा भड्किलो किसिमले होटल रेस्टरेन्टमा मनाउने गरेको समयमा सचिव चौलागाईंले जन्मदिनलाई सत्कर्ममा जोडौं अर्थात अविस्मरणीय बनाउने उद्देश्यले बृक्षारोपण अभियान सुरुगरेको बताएका छन् । 'प्रत्येक मानिसले आआफ्नो जन्मदिनको अवसरमा एक–एक वटा विरुवा मात्र रोपेर हुर्काउँछ भने भोलिको दिनमा त्यो पर्यावरण शुद्धतामा ठूलो टेवा पुग्छ । त्यतिमात्र नभएर एउटा आर्थिक स्रोत खडा हुनुका साथै बृक्षारोपणको सदैव सम्झना हुन्छ' त्यही भएर यो अभियान थालनी गरेको हो' उनले भने ।
नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका पूर्व सभापति समेत रहेका गोविन्द प्रसाद चौलागाईले चलाएको अभियानको प्रभाव अब देशव्यापी हुन थालेको छ । शनिवार नयाँ वर्षको पहिलो दिन ललितपुरको लाकुरी भञ्ज्याङ्ग क्षेत्रमा डोलराज (राजकुमार) चिमोरियाले आफ्नो जन्मदिनको अवसरमा विरुवा रोपेर मनाएका छन् । रौतहट चन्द्रपुर ८ सन्तपुर स्थायी घर भई हाल भक्तपुर बस्दै आएका चिमोरियाको जन्मदिन विरुवा रोपेर मनाईएको सचिव चौलागाईले बताए । उक्त अवसरमा राजकुमार चिमरिया, सचिव चौलागाईं, भरत धमला दम्पती, मनोज थापा सहितको उपस्थिति रहेको थियो । यस अघि चौलागाईंले सैयौँ विरुवा रोपेर आफ्नो जन्मदिन मनाएका थिए ।

# स्रोत नखुलेको रकमसहित एक जना पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौरबाट स्रोत नखुलेको ११ लाख १५ हजार रुपैयाँभन्दा बढी रकमसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । शिनबार प्रहरीले गौर नगरपालिका–१ का ५६ वर्षीय वीरेन्द्र कुमार जैसवाललाई ११ लाख १५ हजार ७ सय रुपैयाँसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय गौरका प्रवक्ता एवम डीएसपि एलिजा गिरीले जानकारी दिइन् ।
उनका अनुसार जैसवाल गौरबजार नजिक साइकलमा आउँदै गरेका थिए ।
साइकल चढेर आएका जैसवालले बोकेको झोला भित्र उक्त रकम बरामद भएको प्रहरीले जनाएको छ । बरामद रकममध्ये १ हजारको नोट ११ सय थान, ५ सयको नोट ३० थान र १ सयको नोट ७ थान रहेको छ । पक्राउ परेका जैसवाललाई कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौरको जिम्मा लगाइएको डीएसपी गिरीले जानकारी दिइन् ।

# मिथिलाञ्चलमा जुडशीतल पर्व

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नयाँ वर्ष हर्षोल्लासका साथ मनाइरहँदा मधेश तथा मिथिलाञ्चल क्षेत्रमा शनिबार सतुवाइन पर्व मनाइएको छ । कुलदेवतालाई सतुवा चढाएर सतुवाइन मनाइन्छ । देउतालाई प्रसादको रुपमा सातु चढाउने र त्यसपछि परिवारका सम्पूर्ण सदस्यले सातु खाने गरिन्छ । चना, गहुँ, मकै र जौ मिसाएर तयार पारेको सातु खाने तथा दान गर्ने चलन छ । प्रायले देउतालाई चढाउने सातु जौको हुने गर्दछ ।
त्यस्तै सतुवाइन पर्वको भोलिपल्ट मधेशमा जुडशीतल पर्व मनाउने चलन छ । जुडशीतल पर्वमा घरका ज्येष्ठ सदस्यले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घ जीवनको आशीर्वाद दिने गर्दछन् ।
.नयाँ वर्षले जीवनमा शीतलता प्रदान गर्न सकोस् भन्ने पर्वको मुख्य सन्देश रहेको मिथिला संस्कृति र परम्पराका जानकार बताउँछन् । यो पर्वमा चना बदामको सातु, दाल, मनुंगा को तरकारी, बदामको पीठोबाट बनाइएको बरी र दही मथेर करी पकाइ खाने परम्परा छ । जुडशीतल पर्वमा खेतबारीका रुख बिरुवामा पानी सिञ्चित गरेर कहिल्यै चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ । यस क्षेत्रमा यो पर्व सबै समुदायले मनाउने गर्दछन् ।

## हक दावी सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा जिल्ला धनुषा साविक मुखियापट्टी मुसहरनियाँ गा.वि.स. ३ हाल मुखियापट्टी मुसहरनियाँ गाउँपालिका वडा नं. २ स्थित चलेको विद्यालय प्रिन्स एकेडमी प्रा.लि. हाल नाम परिवर्तित संस्कार इंग्लिश एकेडमी धनुषा मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाबाट ठाउँ सारी गरी जिल्ला सिरहा मझौरा-१ हाल नवराज गाउँपालिका वडा नं. ३ बस्ने राम नारायण यादवको छोरा जितेन्द्र यादव र जिल्ला महोत्तरी बनौली दनौली-६ हाल पिपरा गाउँपालिका वडा नं.-७ बस्ने कासिम साफीको छोरा जुवेर खानको नाममा यस जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ मा संचालन गर्न भनि मुखियापट्टी मुसहरनियाँ गाउँपालिका र जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ बाट नाम, स्थान र स्वामित्व परिवर्तनका लागि सिफारिस भई आएकोले उक्त संस्थासँग कुनै संस्था वा व्यक्तिको हक दावी तथा विरोध भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस उपमहानगरपालिकामा प्रमाणसहितको निवेदन पेश गर्ने गरी स्वामित्व, स्थान र नाम हुन अनुरोध छ।

**अन्जु पाण्डेय**
**शाखा प्रमुख**
**शिक्षा तथा खेलकुद विकास शाखा**

*नयाँ वर्षलाई यस्तरी स्वागत गरौँ कि यस्तो पहिला कहिल्यै भएको थिएन र नहोस् पनि । - रेनर मारिया*

## सम्पादकीय

# नयाँ वर्षको शुभकामना ।

*शनिबार, बिदाको दिन पनि अनि नयाँ वर्ष २०८१ को पहिलो दिन पनि । देश र विदेशमा रहेका नेपालीले एकापसमा शुभकामना आदानप्रदान गरी हर्षोल्लासका साथ मनाएका छन् । सूर्यले मीन राशिको भोग समाप्त गरी मेष राशिबाट भोग शुरु गर्ने दिन, वैशाख सङ्क्रान्ति अर्थात् मेष सङ्क्रान्ति तथा वर्षको जेठो दिन पनि हो । हरेक वैशाख १ गते शुरु हुने नयाँ वर्षलाई नेपाली संस्कृतिमा विशेष दिनका रुपमा मनाइन्छ । विक्रम संवतको पात्रोअनुसार सौर्यमानक हिसाबले वैशाख १ गते नयाँ वर्ष मनाइन्छ । नयाँ वर्षको अघिल्लो साँझ साथीभाइ, इष्टमित्र भेटघाटसहित रमाइलो गरी वर्षान्त पनि मनाउने चलन बढ्दै गएको छ । नयाँ वर्षमा धार्मिक आस्था राख्नेले मठमन्दिर पुगेर पूजाआजा गर्दछन् । विगतका कामको समीक्षा गर्दै कमजोरी सुधारेर नयाँ जोश र जाँगरका साथ आफ्नो कर्मक्षेत्रमा लाग्न नयाँ वर्षका अवसरमा प्रण पनि गर्ने गरिन्छ । यस्तै नयाँ वर्षका दिन योजना बनाउने र कुनै काममा सफलता पाउनका लागि सङ्कल्प गर्ने चलनसमेत छ । यही दिन नयाँ काम थालनी गर्ने परम्परा पनि छ । धेरैले गएको वर्ष गरेका कामको सफलता –असफलता मूल्याङ्कन गरी असफलता दोहरिन नदिने र सफलता पाउन योजना निर्माण एवम् सङ्कल्प पनि गर्छन् ।*

*नयाँ वर्षका दिन बिहानै स्नान, घर, कोठा–आँगन सफा तथा आफन्त, परिवार र साथीभाइसँग भेटघाट गर्दै मिष्ठान्न भोजन बनाएर खाने चलन छ । नयाँ वर्षको अवसरमा जनकपुर, वीरगंजलगायत मधेशका सबै ठाउँमा उस्तै चहलपहल बढेको छ । सिरहामा सहलेस फूल फुल्ने दिनका रुपमा नयाँ वर्षलाई लिने गरिएको छ । धार्मिक मठमन्दिरमा नयाँ वर्षमा पुग्ने भक्तजनाको संख्या बढ्दो छ । साथीभाइ, इस्टमित्र तथा परिवारसहित पर्यटकीय स्थल पुग्ने, धार्मिक पीठहरु पुग्ने क्रममा नेपाली संस्कृति विकास हुँदै गएको छ । पछिल्ला वर्षमा देखिएको खानपानले धेरैलाई ५० वर्षपछि लाग्ने रोग ४० नपुग्दै लाग्न थालेपछि खानपानमा पनि सचेत हुनेहरु बढेका छन् । नयाँ वर्षको स्वागतमा भोजभतेर तथा विभिन्न सांस्कृतिक कार्यक्रम गरेर मनाउने प्रचलन पछि । यी सबै संस्कृति बन्दै गएका छन् । समग्रमा नयाँ वर्ष उत्साह र उमंगको दिन बनोस् भनेर सबै मनाउने जमर्कोमा हुन्छन् ।*

*मधेश प्रदेशमा देखिएको पानीको अभाव, बढ्दो गर्मी, विद्युतमा अनियमितासँगै हावाहुरीको समस्याले जनजीवन प्रभावित भइरहेको छ । खानेपानीको स्रोत सुक्दै गएको छ । योजना समयमा सम्पन्न नहुँदा बेरुजु बढ्दो छ । राजनीतिक खिचातानीले विकासका काम प्रभावित हुने गरेका छन् । यी सबै घटनाक्रमले मधेशको प्रगति रोकिएको छ । यस्तो अवस्थामा साँच्चै मधेशलाई आकर्षक, धार्मिक, पर्यटकीय कसरी बनाउन सकिन्छ ? नयाँ वर्षमा किन मधेशका जनता कोशी, बागमती, लुम्बिनी, गण्डकी प्रदेश गइरहेका छन् ? यस्ता विषयमा पनि मधेशका स्थानीय तह, प्रदेश सरकारले समीक्षा गर्नसके आगामी नयाँ वर्षमा मधेश गन्तव्य बनाउने आन्तरिक पर्यटक बढ्न सक्थे कि ? यस्ता विषयमा पनि मधेश सरकार, स्थानीय सरकारले सोच्न सके मधेशबाट नयाँ वर्ष मनाउन बाहिरिने संख्यासँगै मधेश भित्र्याउने संख्या पनि वृद्धि जरुरी छ । जस्तो नयाँ वर्षको आगमनमा २०७९–८० देखि वीरगंज महानगरले रात्रीबजार लगाइरहेको छ । फेरि पनि सबैमा नयाँ वर्षको शुभकामना ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्क: ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेल: madheshdristi@gmail.com

# सतुआइन, जूडशीतल र नववर्ष



डा. रामसागर पण्डित

सतुआइन भनेको सातु खाने पर्व हो । यो पर्व तराईको निकै धेरै ठाउँमा मनाउने गर्छन् । यो पर्व नववर्षकै दिन मनाउने गर्छन् । यस दिनमा देशैभरि वडो उल्लाससाथ मानिसहरू यो पर्व मनाउने गर्छन् । बिगतमा सदिऔंदेखि यो पर्व मनाउँदै आएका हुनाले मानिसहरूका लागि एउटा परम्परा बनिसकेको छ । दिनप्रतिदिन यस पर्वको महत्व बढ्दै गएको देखिन्छ । नयाँ वर्षमा मानिसहरू माछा, मासु खाने गर्छन् तर यस पर्वमा तराईका मानिसहरू सालको पहिलो दिनमा सातु भोजन गर्छन् । नववर्षको पहिलो दिनमा सरसफाइमा मानिसहरू लागेका हुनाले समय नमिल्ने कारणले सजिलो तथा सुपच्य भोजनको रूपमा सातुलाई छनौट गरेको हुनुपर्छ । प्राचीन समयदेखि हालसम्म खासगरी ग्रामीण क्षेत्रका मानिसहरू घर बाहिर यात्रामा निस्किदा सातुको पोटली साथमा लिएर जान्थे । हाम्रै देशको पहाडी र हिमाली समाजमा नववर्ष मनाउँदा माछा, मासु, रक्सी, अण्डा आदि प्रयोग गरेका हुन्छन् । यसदिन तराईमधेशमा केही परिवारहरू वनभोजमा समेत गएका





हुन्छन् । अहिले एउटा नयाँ प्रवृति विकसित भएको देखिन्छ । अंग्रेजी सालको पहिलो दिन अर्थात १ जनवरीका दिन नववर्ष मनाउन थालेका छन् । खासगरी नगरक्षेत्रहरूमा प्रत्येक पिकनिक (वनभोज) स्थलमा निकै भीडभाड रहेका हुन्छन् । यस दिनलाई विश्वकै जनता उमंगसाथ नयाँ वर्षको रूपमा मनाउँदै आएका छन् । हाम्रो समाजमा आ–आफ्ना कूल देवतालाई सातु चढाइ पूजा पाठ गरेका हुन्छन् । प्रत्येक परिवार आफ्नो घर आंगनलाई सफाइ तथा लिपपोत गरेको हुन्छ । मानिसहरूको के धारणा छ भने वर्षको पहिलो दिनलाई जति सरसफाइ गरिन्छ त्यसको असर नयाँ सालमा सालैभरि परिरहन्छ । यसैदिन घरका गाई, गोरू र अन्य जनावर समेतलाई सफासँग नुहाउने गर्छन् । सरकारले यस दिनलाई नववर्षको रूपमा मनाउन प्रत्येक सरकारी कार्यालय तथा अन्य संघसंस्था समेतमा विदा दिने चलन विगतदेखि नै रहि आएको छ । सरकारी निकायहरूमा समेत वडो उल्लाससाथ नववर्ष मनाउने गरिन्छ ।

यस दिनलाई विक्रmम संवतको शुरूआतको दिनको रूपमा इतिहासलाई स्मरण गर्ने गरिन्छ । अर्कोतिर चैतमा रामको जन्म र वैशाखमा सीताको जन्मदिन परेको हुनाले समेत यी दुबै महिनाको महत्व हिन्दुशास्त्र अनुसार बढी देखिन्छ । विक्रmम सम्बत बारे विद्वानहरू एकमत देखिँदैन । कतिको के भनाइ छ भने भारतमा विक्रmमादित्य राजा भएको बेला आफ्नो नामबाट यसलाई चलाइएको हुनाले विक्रmम सम्बत भनेको हो । तर नेपाली विद्वानहरूका भनाइ अनुसार विक्रmम सम्वत भारतका राजा विक्रmमादित्यले चलाएको नभई हाम्रो देशको मौलिक सम्वत हो । भारतमा पनि यस विक्रmम सम्वतलाई धेरै प्रदेशहरूमा अहिले पनि लागू छ । विहारस्थित दरभङ्गाको कामेश्वरसिंह दरभङ्गा संस्कृत विश्वविद्यालय लगायत भारतका विभिन्न विश्वविद्यालयले बनाएका पञ्चाङमा विक्रmम सम्वत उल्लेख रहेको पाइन्छ । नेपालमा पनि विभिन्न जातीय समुदायले पनि आ–आफ्नै सम्वत निकालेर काम गरेका हुन्छन् ।

जूडशीतल वैशाख–२ गते प्रत्येक साल मनाइन्छ । यो पर्व नेपालको तराईमधेश लगायत भारतको विहार र उत्तर प्रदेशमा समेत मनाउने गरिन्छ । जहाँ अधिकांश मैथिली, भोजपुरी र अबधी भाषाभाषी बसोवास गर्छन् । जुडशीतललाई भाषाशास्त्री प्रा.डा. योगेन्द्रप्रसाद यादवले गर्मीको आगमनमा आफ्ना छरछिमेकी तथा नातेदारको टाउकोमा पानी थपथपाएर सालैभरि गर्मीले नूसताउन भने आर्शिवाद दिंदै मनाउने पर्वको रूपमा लिनु भएको छ । यस पर्वमा विहानै उठेर मानिसहरू आफ्ना बारी र बगैचामा रहेका रूखहरूमा पानी हाल्ने काम गर्छन् । आम फल्ने मौसम रहेको हुनाले त्यहीबाट आमको टिकुला समेत तोडेर ल्याउने गरेका हुन्छन् । जूडशीतलका दिन प्रत्येक परिवारका सदस्यहरूले आफ्ना ज्येष्ठ सदस्यबाट टाउकोमा पानी थपथपाएर आर्शिवाद पाएका हुन्छन् । प्रत्येक परिवारमा यस पर्वका दिन विभिन्न प्रकारका तरकारीहरूका तरूवा पकाएर खाने चलन छ । यसको साथै दूधदही पनि प्रयोग गरेका हुन्छन् । यस पर्वमा सामाजिक सद्भाव बढाउन छिमेकीको घरमा र छिमेकी आफ्नो घरमा बुलाएर खुवाउने गर्छन् ।

यसैदिनमा मानिसहरू एक–अर्कालाई हिलो छयाप्ने काम गरेका हुन्छन् । यसलाई मानिसको कृषिकामसँग जोडेर हेर्छन । सधैं हिलोमा बसेर खेतीपातिको काम गर्दैंगर्दा यसलाई वैशाख २ गतेका दिन उत्सवको रूपमा मनाउन लागेका हुन् । गाउँमा कुनै पाहुना आएका रहेछन् भने उनलाई अनिवार्य रूपमा हिलोले छयाप्ने गर्छन् । यसै दिनमा इनार र पोखरीलाई सफाइ गर्ने काम समेत गर्दै गरेका छन् । हाल इनार विस्थापित हुने क्रममा रहेकाले इनारको सट्टा पानी खाने हैण्ड पाइपलाई सफाइ गर्छन् । यसैदिन पारेर गाउँ सफाइको अभियान पनि चलाएको हुन्छ । गाउँको छेउछाउमा रहेका फोहर समेतलाई समेटी आगोले जलाइ सफा गर्छन् । जूडशीतलकै दिन खाने कुरामा आमको चटनी र बरीझोरी अनिवार्य रूपमा खाने चलन रहेको छ । यसैदिन पारेर मिथिलाको विभूति राजा सलहेसको मेला पनि लाग्ने गर्छ । गाउँगाउँमा सलहेस महाराजको पूजाआर्चा पश्चात दिनको १२ बजेपछि मेलाको रूप लिन्छ । यस मेलामा यस मौसमका विभिन्न फलफूल र विभिन्न प्रकारका मिठाइहरू विक्रीका लागि राखिएका हुन्छन् । तीमध्ये जीलेबी (जेरी) को विक्री बढी हुन्छ । प्रत्येक व्यक्तिले अनिवार्य रूपमा सनेस (कोसेली) का लागि जिलेबी किनेकै हुन्छ ।

सलहेस मिथिलाको विभूति भए पनि खास गरी दूसाध जातिहरू जातीय देवताको रूपमा निकै श्रद्धासाथ पूजाआर्जा गरेका हुन्छन् । वहाँका नाममा तन्त्रमन्त्र पनि सिकेका हुन्छन् । यसैदिनमा राजा सलहेसको मन्दिर (गहबर) अगाडि धामीझांक्रीको कामसमेत गरेका हुन्छन् । पुराना धामीले नयाँ धामीलाई तन्त्रमन्त्र सिकाइ धामीहरू भक्तैइ गरेका हुन्छन् । त्यहाँ बडोराम्रो लयमा झाइल र मिरदङको सहयोगमा भक्तइसमेत गाएका हुन्छन् । सुन्न राम्रो लागेको हुनाले यहाँ मानिसहरूका निकै ठूलो भीड लागेको हुन्छ । तेस्रो दिन अर्थात ३ गते वैशाख विहानै राम्रोसँग सरसफाइ गरी पहिलेकै अवस्थामा ल्याएका हुन्छन् । यसै २ गतेका दिन सिरहाको मइसौथा, सलहेस फुलबारी, मानिकदह, पताइरमा ठूलो मेला लाग्छ । वैशाख १ गतेदेखि नै मेला भर्न आउनेको ठूलो भीड हुन्छ । यस मेलामा नेपाल र भारत विहारका मानिसहरू टाढा÷टाढाबाट आएका हुन्छन् । सलहेस फूलबारीमा एउटा फूलको रूख छ जो वैशाख १ गते नै फुलेर ३ गतेदेखि झर्न थाल्छ । मानिसहरूको के विश्वास छ भने राजा सलहेश र मालिनको प्रेमको प्रतीक रहेछ । यसदिनलाई राजा सलहेस र मालिनको प्रेम दिवसको रूपमा समेत बुझ्ने गर्छन् । यसैदिन पारेर मानिस मानिक दहमा नुहाएर छोरा÷छोरी माग्ने गर्छन् । कतिपयले हाम्रो परिवार संकटबाट मुक्त रहून भने आशासाथ पूजाआर्चा गरेका हुन्छन् । यी ठाउँहरूलाई पर्यटकीय दृष्टिकोणले विकास हुनु जरूरी छ । केन्द्रीय सरकार यसलाई आफ्नो तहत नलिए, प्रान्तीय र स्थानीय सरकार मिलेर यसको समूचित विकासमा ध्यान दिनुपर्छ ।

यस पावन पर्वलाई किसानहरूले चैते बालि घरमा मित्र्याइ सकेको हुनाले अब उप्रान्त केहीछिन आराम गर्ने भने उद्देश्यकासाथ मनाउने गर्छन् । अर्कोतिर मानिसहरूले के सोच्छन् भने हामी पञ्चतत्वबाट निर्माण भएकाले पुनः पञ्चतत्वमा बिलीन हुनेहुनाले मानिसहरू हिलो छयापेर खेल्ने गर्छन् । पञ्चतत्वभित्र माटो, पानी, आगो, आकाश र हावालाई लिने गरिन्छ । खासगरी हिन्दू समाजले यसलाई बडो उत्सबसाथ मनाउने गर्छन । यसले हिन्दू–हिन्दू बीचमा मधुर सम्बन्ध स्थापना गर्ने काम समेत गरेको छ । अब तराईमधेशमा बस्ने पहाडी समुदाय समेत मनाउन थालेका छन् । किसानहरू जहिले पनि वातावरणमैत्री काम गरेका हुन्छन् तर आधुनिक समाज यस मैत्री सम्वन्धलाई तोडफोर गरेर वातावरण माथि नकारात्मक खेलवाड गरेका छन् । बिगतमा नेपालका जंगल बचाउने गरेका थिए । सरकारले जंगलका प्रत्येक बस्तु बेच्न थालेपछि विस्तारै जंगल र जंगली जीवजन्तु समेत अन्तिम कगारमा आइसकेका छन् । गाउँहरूलाई चारैतिरबाट हरियो रूखविरूवाहरू ढाकेका हुन्थे । अहिले गाउँदेखि चुरियाश्रृंगला समेत नाँगो देखिन्छ जो भविष्यको नराम्रो अवस्थालाई संकेत गर्छ । शहरी क्षेत्रमा यस पर्वलाई खासै महत्व दिएको देखिँदैन ।

यस पर्वकै दिन गौतमबुद्ध ज्ञान प्राप्त गरेका, सिखहरूका दशम् गुरू गोविन्द सिंह खाल्साको स्थापना भएको, आचार्य दयानन्द सरस्वती आर्यसमाजको स्थापना गरेको, थारू समाज आजैका दिनलाई सिरूवा पर्व र मिथिलाका मानिसहरू राजा सलहेसका जन्म दिवसको रूपमा मनाउने गर्छन् । भारतमा अंग्रेज शासनभन्दा पहिले यसै सम्बतलाई प्रचलनमा ल्याएका थिए । अंग्रेज शासकहरूले अंग्रेजी शिक्षा र ईस्वी सन्लाई बढी महत्व दिएको हुनाले विस्तारै विक्रम सम्वत ओझेलमा पर्दै गयो । नेपाल कहिले पनि मुस्लिम र अंग्रेज शासन अन्तर्गत आएन । त्यसैले यहाँ चलेका बिक्रम सम्वत र पर्वहरू त्यति प्रभावित हुन सकेनन् । नेपाल नै एउटा यस्तो देश हो जो विक्रम सम्वतलाई हालसम्म जोगाएर राखेको छ । कतिपय कुरा यस्ता छन् जसलाई न मुस्लिम शासक छुन सके न अंग्रेजी शासक ा त्यसैले त्यस्ता सांस्कृतिक कुरा प्रति नेपाली गौरब गरेका छन् ।

हिन्दूहरूले सालैभर सबै महिनामा कुनै न कुनै पर्व र उत्सव मनाउँदै रहन्छन् । कतिपयले यसलाई होलीसँग तुलना गर्छन् । केही हदसम्म मिलेपनि निकै भिन्नता छ । होलीमा रंगअबीर लिएर घरघरमा गएर रंग र अबीर खेल्ने गर्छन् । अरू कुरा जे भए पनि होली रंगको त्योहार हो भने जूडशीतल हिलो र पानी छयाप्ने त्योहार हो । होलीमा माँसाहारी (ननभेज) खाना बढी मान्छेहरू खान्छन् भने यसमा शाकाहारी (भेज) बढी हुन्छन् । यस क्षेत्रका मानिसहरू बडो खुशीसाथ यस्ता पर्व मनाउँछन् । यस्ता पर्वहरूमा केही असामाजिक तत्वहरू हिलो नरूचाउने व्यक्तिहरूमाथि पनि हिलो छयाप्ने गर्छन् । कतिपयलाई हिलोबाट एलर्जी हुनेहुनाले त्यस्ता व्यक्तिमाथि पनि हिलो र पानी छयाप्ने काम गर्नाले नराम्रो वातावरण बन्न जान्छ । अर्को कतिले हिलोमा साना साना ढुंगाहरू राखेर हिलो छयाप्दा चोटपटक लाग्ने सम्भावना बन्न जान्छ । यसरी पर्व मनाउँदा यस्ता नकारात्मक कुराहरू बारे सचेत हुनु आवश्यक छ । यस्तै सामान्य हिलो र पानी छयापेर थाइल्याण्डको देहात (ग्रामीण) इलाकामा खेल्ने गर्छन् । बैंककमा समेत यस्ता पर्व मनाउने गर्छन् । थाइलैण्डको मिथिलासँग निकै पुरानो सम्बन्ध प्राचिन इतिहासले देखाउँछ । बैंककका सम्राट र राजाजनकको राम्रो सम्वन्ध थियो । प्राचीनकालमा मिथिला निकै विकसित देश थियो । राजर्षिजनक कहाँ विश्वका विद्वानहरू शास्त्रार्थ गर्न आउँथे र समस्या समाधान खोजेर फर्कन्थे ।

निष्कर्षमा भन्नुपर्दा यस्ता अनेक पर्व मिथिलाबाट विश्वमा गएका छन् । मिथिला संस्कृतिमा धनी मानिन्थ्यो । बाह्रै महिना कुनै न कुनै पर्व उत्सव भै रहन्छन् । तर यस्ता पर्व मौसम अनुसार नै चलेका छन् । जाडोमा कसैलाई हिलो छयाप्दा छयाप्न दिन्छ त ! त्यस्तै रंग अबीर जाडोयाममा खेल्न दिन्छ त ! दिंदैन । तर गर्मीयाममा बडो आनन्द र उल्लाससाथ खेलेका हुन्छन् । यस पर्वको निष्कर्षमा जाँदा परम्परादेखि चलिआएकोले यसको महत्व निकै बढी रहेको छ । तर पहिले जस्तो हाल मनाउन छाडेका छन् । खासगरी पढेलिखेका आफूलाई विद्वान कहलिने व्यक्तिहरू यस पर्वलाई दिनदिनै छोड्दै गएका छन् । अर्कोतिर गाउँका मानिसहरू शहरमा बस्दा उनको सामाजिकता नै परिवर्तन हुने हुनाले विस्तारै छोड्दै गएका छन् । शहरमा विभिन्न संस्कृतिको मिस्रित समाज भएको हुनाले एकअर्काका पर्वसँग कुनै वास्ता हुँदैन ।

तर जे भए पनि मिथिला क्षेत्रले प्राचीन कालदेखि चल्दै आएको यस्ता पर्वलाई छोडेको देखिँदैन । यिनीहरूले यस्ता पर्वलाई आफ्नो पहिचानको रूपमा समेत लिएका छन् । वास्तवमा संस्कृतिले पहिचान बढाउँछ । हामीले कहिले पनि परम्परागत रूपमा संचालित पर्व उत्सवलाई छोड्नु हुँदैन । अस्तु ।

# वामपन्थी शक्तिबीच एकताको खाँचोः खनाल




**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले मुलुकमा अस्थिरता, दिशाहीनता र अकर्मण्यताको अन्त्य गर्न वामपन्थी शक्तिबीच एकताको खाँचो रहेको बताएका छन् ।

नयाँ वर्षको अवसरमा देश तथा प्रवासमा रहेका सम्पूर्ण नेपालीको अग्रगति र प्रगतिका लागि शुभकामना सन्देश जारी गर्दै शान्ति, विकास, स्वतन्त्रता, समाजवाद र समृद्धिका निम्ति समाजवादी क्रान्ति र रूपान्तरणको युगबाट मुलुकलाई अगाडि लैजान वामपन्थी शक्तिहरू एकापसमा समन्वय गरी देशको परिस्थितिलाई दृष्टिगत गर्दै कम्युनिष्ट आन्दोलनलाई सकारात्मक दिशामा अघि बढाउनुपर्नेमा उनले जोड दिए । पूर्वप्रधानमन्त्रीसमेत रहेका नेता खनालले मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राष्ट्रियताको क्षेत्र संकटग्रस्त बन्दै गएको अवस्थामा जनता र राष्ट्रका साझा सवालमा सबै एकताबद्ध भएर वर्तमान गठबन्धनको संयुक्त सरकारमा सहभागिता जनाउनु राजनीतिक विकासक्रमको एउटा सकारात्मक पक्षका रूपमा हुने उल्लेख गरे ।

'जनता र राष्ट्रका ज्वलन्त सवालहरूको समाधानका लागि भूमि सुधार र कृषि क्रान्तिलाई अघि बढाउनुपर्ने, मुलुकलाई औद्योगीकरणको दिशामा अघि बढाउन सक्नुपर्छ, भ्रष्टाचारलाई अन्त्य गर्नुपर्छ', नेता खनालले उनले भने, 'सबै वामपन्थी समूहहरूमा 'म ठूलो, म बलियो र मैले सबै कुरा पाउनुपर्छ' भन्ने दम्भ र घमण्डबाट मुक्त हुनुपर्छ । सबैका बीच समानता र सम्मानका साथ साझा आधारमा एकताबद्ध बन्न र बनाउन सक्नुपर्छ ।'

उनले मूल्यवृद्धि र महँगी नियन्त्रण, देशभित्रै रोजगारीका अवसर सर्जना गर्दै युवाको विदेश पलायनलाई रोक्ने, शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तन गरी मुलुकको विकास निर्माणको प्रक्रियालाई तीव्र बनाउन समाजवादको आधारलाई फराकिलो बनाएर जनतामा आशावादको सञ्चार गर्नुपर्नेमा जोड दिए ।

समाजवादी क्रान्तिका सही कार्यदिशा, नीति र सिद्धान्तहरू अवलम्बन गरी कम्युनिष्ट आन्दोलनको एकता, पुनर्गठन, अग्रगति र प्रगतिको दशक बनाउनुपर्नेमा जोड दिँदै नेता खनालले राष्ट्रिय स्वाभिमानलाई बलियो बनाएर विश्वभर फैलिँदै गएका नेपालीको प्रतिष्ठा उच्च बनाउनुपर्ने उल्लेख गरे ।

# नयाँ वर्षलाई भ्रमबाट मुक्त वर्ष बनाउनुपर्छः ओली




**रासस**
**काठमाडौँ ।**
नेकपा (एमाले) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ वर्ष २०८१ नेपाली समाजलाई निराशा, भ्रम र अविश्वासबाट मुक्त गरी विश्वास जगाउने वर्षका रूपमा स्थापित गर्नुपर्ने बताएका छन् । प्रवासी नेपाली मञ्च (ओएनएफ) अन्तर्राष्ट्रिय कमिटीद्वारा नयाँ वर्ष २०८१ का अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई शुक्रबार राति भर्चुअलरुपमा सम्बोधन गर्दै अध्यक्ष ओलीले नयाँ वर्षलाई देश बन्दैन भन्ने भ्रमबाट मुक्त बर्ष बनाउनुपर्ने बताएका हुन् ।'म बनाउँछु मेरो देश' भन्ने विश्वास जगाउने वर्षका रूपमा २०८१ लाई स्थापित गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष ओलीले कुनै पनि देश अरु कसैले नभई आफैँले बनाउनुपर्ने स्पष्ट गरे । 'नेपाल अरु कसैले आएर बनाई दिँदैन, हामी नेपाली आफैँले बनाउने हो । यो दह्रो आत्मविश्वास हामी सबैमा हुनुपर्छ । विशेष गरी युवामा यो हुनुपर्छ' उनले भने । अध्यक्ष ओलीले समृद्ध नेपाल निर्माणको अभियानमा बाधा खडा गर्ने तत्वहरूले तीनवटा गलत भाष्य निर्माण गरिरहेको उल्लेख गर्दै सतर्क रहन सबै नेपालीलाई आह्वान गरे । उनले नेपाल बन्दैन भन्ने कुरा शतप्रतिशत झुटो रहेको तथ्यसहित तीन विषयमा प्रष्ट हुन आग्रह गरे ।

अध्यक्ष ओलीले भने, 'पुराना सबै पार्टी खराब हुन् भन्ने कुरा, जन्मसिद्ध श्रेष्ठता कायम गर्ने कुरा र नेपाल बन्दैन, कसैले बनाउन सक्दैन भन्ने कुरा अहिले अफवाहका रूपमा फैलाइएको छ, यी तीनै कुरा गलत हुन् ।' उनले अहिले जबर्जस्त रूपमा अफवाह फैलाएर गलत भाष्य निर्माण गर्न खोजिएको र त्यसबाट जनतामा निराशा ल्याउने प्रयत्न भइरहेको बताए । नयाँ सत्ता समीकरण बनेसँगै मुलुक सही बाटोमा आएको र अब राष्ट्रिय हित तथा विकासको गति तीव्र ढङ्गले अघि बढ्ने अध्यक्ष ओलीको भनाइ थियो । विगतमा एमाले नेतृत्वको सरकार ढालेर कांग्रेस नेतृत्वको गठबन्धन बनेपछि मुलुकले निकै ठूलो क्षति बेहोर्नुपरेको भन्दै उनले देशका लागि नयाँ सत्ता समीकरण बनाउनुपरेको बताए ।'नयाँ समीकरणसँगै परिस्थिति फेरिएको हुँदा अब राष्ट्रिय हितलाई केन्द्र भागमा राखेर हाम्रो सार्वभौमसत्ता, स्वतन्त्रता र राष्ट्रिय अखण्डतालाई साँचो अर्थमा प्रयोग गर्दै हामी सुशासन र विकासको गतिलाई अघि बढाउने, जनताको जीवनस्तर सहज बनाउने काममा जुटेका छौँ', अध्यक्ष ओलीले भने । सो अवसरमा एमाले स्थायी कमिटीका सदस्य एवं मञ्चका इञ्चार्ज डा राजन भट्टराईले मञ्चले प्रवासमा रहेका नेपालीलाई नेपाल बुझाउने काम निरन्तररुपमा गर्नुपर्नेमा जोड दिए ।

## एमालेले सचिवालय बैठक बोलायो

नेकपा (एमाले)ले सचिवालय बैठक बोलाएको छ । ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा उक्त बैठक आज (आइतबार) बस्ने गरी बोलाइएको छ । एमाले केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीका अनुसार बैठकमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकको तयारी, नेकपाको ७५औँ स्थापना दिवस, यही वैशाख १५ गते हुने उपनिर्वाचनलगायत समसामयिक राजनीतिक विषयमा छलफल हुनेछ । एमालेको राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठक यही वैशाख ८ र ९ गते ललितपुरको गोदावरीमा राखिएको छ ।

# समृद्धिको जनचाहना पूरा गर्नुपर्छः नेपाल



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकको राष्ट्रियता र जनहितका विषयमा सबै दलको साझा दृष्टिकोण हुनुपर्ने तथा समृद्धिको जनचाहना पूरा गर्न एकताबद्ध हुनुपर्नेमा जोड दिएका छन् ।

नयाँ वर्षका अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले राष्ट्र निर्माण तथा राष्ट्रिय महत्वका विषयमा सबै दलकाबीचमा समन्वय र एउटै दृष्टिकोण हुनुपर्ने बताएका हुन् । सामाजिक न्याय, समानता, समावेशी र सहभागितामूलक प्रतिनिधित्वका लागि आवधिक निर्वाचनसहितको लोकतन्त्रको महत्व मननीय छ भन्दै सन्देशमा अध्यक्ष नेपालले सबै प्रकारका विभेदको अन्त्य हुनुपर्नेमा जोड दिएका छन् । देशविदेशमा रहेका सम्पूर्ण नेपालीको सुस्वास्थ्य तथा सुखशान्तिको कामना गर्दै उनले जनताको लामो सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी सामाजिक तथा आर्थिक रुपान्तरणका माध्यमबाट आममानिसको हितमा काम गर्नुपर्ने बताएका छन् ।

# कांग्रेस संसदीय दल बैठक आज

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाली कांग्रेस संसदीय दलको बैठक आज (आइतबार) बस्ने भएको छ । नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनको ल्होत्से हलमा बिहान ८ बजे बस्न लागेको कांग्रेसले एक सूचनामार्फत जनाएको छ । संसदीय दलको बैठकमा समसामयिक राजनीतिक विषयमा छलफल हुने बताइएको छ । सरकारले संसद्को चालु अधिवेशन अन्त्य गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निणय गरेको सन्दर्भमा कांग्रेस संसदीय दलको यो बैठक बस्न लागेको हो । कांग्रेसको संसदीय दलमा प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्यहरु रहनेछन् ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# उपनिर्वाचनः मतदाता फकाउँदै उम्मेद्वार

**रासस**
**इलाम ।**
इलाम–२ मा आगामी वैशाख १५ गते प्रतिनिधिसभा सदस्यका हुन लागेको उपनिर्वाचनमा उम्मेदवारहरुले सक्रियता बढाएका छन् । उम्मेदवारहरु विभिन्न मुद्धा लिएर मतदाताका घरघरसम्म पुगेका छन् । उपनिर्वाचन नजिकिएसँगै उम्मेदवार प्रचारप्रसारलाई तीव्रता दिएका छन् । यस निर्वाचन क्षेत्रमा १२ राजनीतिक दल र सात स्वतन्त्र गरी १९ उम्मेदवार चुनावी मैदानमा छन् । उनीहरु विभिन्न आश्वासन बाँड्दै मतदातामाझ पुगिरहेका छन् । उनीहरुले मतदाता तान्न विभिन्न भेला, गोष्ठी, सभा र घरदैलो गरिरहेका छन् । भौगोलिक रुपमा विकटभएपनि उम्मेदवारहरु घरघरमा आइपुगेको देख्दा मतदाताहरु मख्ख छन् । उम्मेदवार टोलटोलमा आफ्नो घोषणापत्र र प्रतिबद्धतापत्र बाँडिरहेका छन् ।

विसं २०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा सो क्षेत्रबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदावर सुवासचन्द्र नेम्वाङ विजयी भएका थिए । उनको गत भदौ २६ गते निधन भएपछि सो क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । एकमात्र क्षेत्रमा निर्वाचन हुन लागेपनि देशभरका राजनीतिक सरोकारवालाहरुको ध्यान यतिबेला इलाम–२ मा खिचिएको छ । यो उपनिर्वाचन पुराना र नयाँ दलहरुको शक्ति परीक्षणको प्रयोगशाला बन्ने भएकाले निकै चासोका साथ हेरिएको छ । इलाम–२ मा ठूलासाना दल र स्वतन्त्रबाट १९ को उम्मेदवार रहे पनि एमालेका सुहाङ नेम्बाङ, कांग्रेसका डम्बरबहादुर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मिलन लिम्बू र स्वतन्त्र उम्मेद्वार डकेन्द्रसिंह लिम्बू थेगिमको चर्चा चुलिएको छ ।

एमालेका नेम्बाङलाई सत्ता गठबन्धनमा रहेका दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)सहित नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा र नेपाल परिवार दलको समर्थन छ । राम्रो सङ्गठन र जनाधार भएकाले एमाले निकै बलियो मानिन्छ । उम्मेदवार नेम्बाङ आफू एमालेको मात्र नभई चार दलको साझा उम्मेदवार भएकाले विजय निश्चित रहेको दाबी गर्छन् । 'म एक्लै चुनाव लडिरहेको छैन, चार दल र साथमा यहाँका जनताको पनि साथ छ' उनले भने, 'मेरो बाबु स्वर्गीय सुवासचन्द्र नेम्वाङको अधुरो कामलाई पूरा गराउनका लागि पनि यहाँका जनताले जिताउनुहुन्छ भन्नेमा विश्वस्त छु ।' उनले गाउँगाउँका मतदातामाझ पुगेर आफ्ना आवश्यकता, समस्या, चाहनालाई आफू र पार्टीले पूरा गर्नुपर्ने जिम्मेवारी कागजमा टिपाइदिन अपिल समेत गर्दै आएका छन् । सो क्षेत्रमा अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा एमालेका सुवासचन्द्र नेम्बाङ एक्लैले ३० हजार २० मत ल्याएर निर्वाचित भएका थिए । सो निर्वाचनमा समानुपातिकमा एमालेले २६ हजार पाँच सय ६२ र माओवादी केन्द्रले पाँच हजार एक सय ५३ मत प्राप्त गरेका थिए ।

विसं २०७९ को निर्वाचनमा एमाले उम्मेदवार सुवासचन्द्र नेम्वाङसँग एक सय १४ मतको झिनो अन्तरले पराजित कांग्रेस जिल्ला सभापति समेत रहेका खड्का यसपटक जितको खोजीमा छन् । उनी कार्यकर्ता भेटघाट, अन्तरक्रिया तथा घरदैलोमा व्यस्त छन् । 'विगत लामो समयदेखि यस क्षेत्रमा एकैजनाले मात्र जित्नुभयो । यस क्षेत्रको विकास गर्न मैले जित्नैपर्छ', खड्काले भने, 'म यहाँको प्रतिनिधि नभएपनि यस क्षेत्रका गरिब, असहाय, वृद्धवृद्धा तथा युवाहरुका लागि थुप्रै राम्रा कामहरु गरेको छु, त्यसैले यहाँका मतदातासँग मेरो पनि गठबन्धन छ, यसपटक यहाँका जनताले चुनाव जिताउनुहुन्छ भन्नेमा म ढुक्क छु ।'

नेम्वाङले ३० हजार २० मत ल्याउँदा खड्काले २९ हजार नौ सय मत प्राप्त गरेका थिए । तर सो मत कांग्रेस एक्लैको नभएर तत्कालीन गठबन्धन दल माओवादी केन्द्र र एकीकृत समाजवादीको समेत थियो । कांग्रेसले त्यतिबेला समानुपातिकमा २२ हजार तीन सय ३३ मत पाएको थियो । त्यसैगरी पत्रकारिता छाडेर राजनीतिक दलमा आवद्ध भइ निर्वाचनमा होमिएका रास्वपाका उम्मेद्वार लिम्बूले पनि चुनावी प्रचारप्रसार तीव्र बनाएका छन् । आफूलाई इलामको अग्र्यानिक उम्मेदवारका रुपमा प्रचारप्रचार गर्दै आएका लिम्बूले यसपटक चामत्कारिक रुपमा मत परिवर्तन गर्ने दाबी गरेका छन् । 'अधिकतर मतादाता हाम्रो अभियानमा जोडिरहनुभएको छ' उनले भने, 'यस पटकको उपनिर्वाचनमा इलामेली मतदाताले चमत्कार गर्दैछन्, धेरैलाई विश्वास छैन तर हाम्रो झण्डा फहरिनेछ ।' रास्वपाले अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा यस क्षेत्रबाट प्रत्यक्षमा एक हजार तीन सय ८० मत र समानुपातिकमा चार हजार छ सय ८६ मत पाएको थियो ।

पहिचानवादी ४१ घटकका उम्मेद्वार डकेन्द्रसिंह लिम्बू थेगिमले समेत आफ्नो प्रचारप्रसार तीव्र बनाएका छन् । थेगिमले सङ्घीयतालाई बलियो बनाउँदै पहिचान, समान अधिकार, शान्ति र दीगो विकासको अजेण्डा लिएर मतदातामाझ पुगिरहेका छन् । 'पहिचान पक्षधर उम्मेदवार पनि भएकाले यसपटक मतदाताहरु उत्साही भएको पाइएको छ' उनले भने, 'विगतमा पहिचान पक्षधरलाई दलहरुले धोका दिएका छन्, यसपटक आफ्नै उम्मेदावर भएपछि उहाँहरु खुसी हुनुहुन्छ ।' 'मुढा' चुनाव चिन्ह पाएका उनलाई सत्ता साझेदारी दल जनता समाजवादी पार्टीसहित पहिचानवादी दलहरु राष्ट्रिय जनमुक्ति पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी तथा किरात याक्थुङ चम्लुङ, किरात राई यायोख्खालगायत सामाजिक संघसंस्था र किरात धर्मगुरु आत्मानन्द लिङदेनको समेत समर्थन छ ।

बलिया मानिएका यी चारैजना उम्मेदवारहरु एक अर्कालाई रोकेर आफू प्रतिनिधिसभामा प्रवेश गर्ने रणनीतिमा छन् । यी बाहेक सो क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का जितबहादुर राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङ, नेपाल मजदुर किसान पार्टीका श्यामबहादुर दर्जी, मङ्गोल नेशनल अर्गनाइजेशनका मीनबहादुर लिम्बू, नेशनल रिपब्लिक नेपालका धनराज राना मगर, राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयन्त्रविक्रम शाह, राष्ट्रिय प्रजातन्त्र पार्टीका गणेशबहादुर चौहान, नेपाली जनता दलका रेशमबहादुर सुनार नेपाली समेत चुनावी प्रचारमा लागेका छन् । त्यस्तै स्वतन्त्र उम्मेदवारहरु डाकप्रसाद गौतम, मनोज निरौला, अर्जुनकुमार शाही, दीपेश बोहोरा, योगेन्द्र गुरुङ र राज बस्याल र उनीहरुको टोली अहिले मत माग्दै गाउँगाउँमा पुगिरहेका छन् ।

यस क्षेत्रमा चुलाचुली गाउँपालिका, माङसेबुङ गाउँपालिका, फाकफोकथुम गाउँपालिका पुरै तथा इलाम नगरपालिका (१० वडा बाहेक), देउमाई नगरपालिका, माई नगरपालिकाका ६, ७ र ८ वडा गरी ४२ वटा वडा समेटिएका छन् । निर्वाचन आयोगले उम्मेदवारहरुलाई गत चैत २८ देखि वैशाख १२ गते सम्मका लागि चुनावी प्रचारप्रसारका अवधि तोकिदिएको छ । यो क्षेत्रमा एक लाख १५ हजार तीन सय ४२ मतदाता छन् ।

# तेस्रो त्रैमाससम्म पुँजीगत खर्च ३२ प्रतिशतमात्रै

**रासस**
**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८०÷८१ को तेस्रो त्रैमास अवधिसम्ममा पुँजीगत खर्च निकै कम देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार चैत मसान्तसम्ममा ३२ दशमलव २४ प्रतिशतमात्रै पुँजीगत खर्च भएको छ । चालु आवका लागि पुँजीगत शीर्षकमा तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रुपैयाँ विनियोजन भएकामा चैत मसान्तसम्मको नौ महिनामा ९७ अर्ब ३७ करोड ७४ लाख रुपैयाँ बराबर खर्च भएको छ ।

चालु आवका लागि सरकारले कुल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ बराबरको बजेट विनियोजन गरेको थियो । हालसम्मको कुल बजेट खर्च वार्षिक विनियोजनको ५१ दशमलव ९३ प्रतिशत अर्थात् नौ खर्ब नौ अर्ब ३९ करोड १४ लाख रुपैयाँ बराबर रहेको छ । चालुगत शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रुपैयाँ बराबर विनियोजन भएकामा हालसम्म ५६ दशमलव ४१ प्रतिशत अर्थात् छ खर्ब ४४ अर्ब दुई करोड ५४ लाख रुपैयाँ बराबर खर्च भएको छ । त्यसैगरी वित्तीय व्यवस्था शीर्षकका तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख रुपैयाँ बराबर विनियोजन भएकामा ५४ दशमलव ६४ अर्थात् एक खर्ब ६७ अर्ब ९८ करोड ८६ लाख रुपैयाँ खर्च भएको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

बजेट खर्चमा मात्र नभई राजस्व सङ्कलनको अवस्था पनि कमजोर देखिएको छ । चालु आवका लागि कुल १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख रुपैयाँ बराबर राजस्व सङ्कलन गर्ने सरकारी लक्ष्य छ । चैत मसान्तसम्ममा वार्षिक लक्ष्यको ५२ दशमलव पाँच प्रतिशत अर्थात् सात खर्ब ७३ अर्ब तीन करोड ६६ लाख रुपैयाँ असुली भएको छ । जसमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ५१ दशमलव ४१ प्रतिशत अर्थात् छ खर्ब ७१ अर्ब ११ करोड ५६ लाख रुपैयाँ र गैरकरतर्फ ६५ दशमलव ७१ प्रतिशत अर्थात् ७६ अर्ब ९२ करोड ५६ लाख रुपैयाँ बराबर सङ्कलन भएको छ । चालु आवका लागि सरकारले ४९ अर्ब ९४ करोड ३० लाख रुपैयाँ बराबरको वैदेशिक अनुदान लिने लक्ष्य राखेकामा हालसम्म लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् दुई अर्ब ७५ करोड ८० लाख रुपैयाँ बराबर अनुदान लिइएको छ ।

# एसीसी प्रिमियर कपमा नेपालको दोस्रो जित

**मधेशदृष्टि**
**वीरगंज ।**
एसीसी प्रिमियर कप क्रिकेटमा नेपालले दोस्रो जित हासिल गर्न सफल भएको छ । शनिबार नेपालले कतारलाई ३२ रनले हराउँदै दोश्रो जित हासिल गरेको हो । नेपालले दिएको दुई सय ११ रनको लक्ष्य पछ्याएको कतारले २० ओभरमा नौ विकेट गुमाएर एक सय ७८ रन मात्र बनाउन सक्यो ।

कतारका लागि महोम्मद तानवीरले ६३ रन बनाए पनि टिमलाई जित दिलाउन सकेनन् । नेपालका लागि ललित राजवंशी, गुल्सन झा र दिपेन्द्र सिंह ऐरीले सामान दुई विकेट लिए । यस्तै कुशल मल्ल र अविनाश बोहोराले सामान एक विकेट लिए ।

यसअघि दिपेन्द्र सिंह ऐरीको एकै ओभरमा छ छक्काको मद्यतमा एसीसी प्रिमियर कप क्रिकेटमा नेपालले कतारलाई दुर्य सय ११ रनको लक्ष्य दिएको थियो । ओमानको अल अमिरातमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा सात विकेट गुमाएर दुई सय १० रन बनाएको थियो ।



दिपेन्द्रले २० औं ओभरमा छ वटा छक्का प्रहार गर्दै २१ बलमा ६४ रन बनाए । यस्तै आशिफ शेषले ५२ र कुशल मल्लले ३५ रनको योगदान गरे । ओमानका हिमान्सु राथोड र मुसवार साहले सामान तीन विकेट लिए । यो जितसँगै नेपाल दुई खेलबाट चार अंक बटुल्दै समूह 'ए' को शीर्ष स्थानमा उक्लिएको छ । अब नेपालले पर्सि सोमवार हङकङसँग र बुधवार समूह चरणको अन्तिम खेलमा साउदी अरेबियासँग खेल्नेछ । लगातार दुई जितसहित यूएई समूह 'बी' को शीर्ष स्थानमा छ । एसीसी प्रिमियर कपमा नेपाल समूह 'ए' मा छ । यो समूहमा नेपालसँगै हङकङ, मलेसिया, कतार र साउदी अरेबिया छन् । यस्तै समूह 'बी' मा बहराइन, कम्बोडिया, कुवेत, ओमान र संयुक्त अरब इमिरेट्स (यूएई) छन् । समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । फाइनल जित्ने टोलीले एसिया कप खेल्न पाउनेछ ।

# विदेशिए भलिबलका चम्किला रवि



**रासस**
**गण्डकी ।**
नेपाल भलिबल सङ्घद्वारा गत चैत पहिलो साता काठमाडौँमा आयोजित आठौँ 'एनभिए भलिबल च्याम्पिएनसिप'का तीन स्पर्धामा रवि केसी उत्कृष्ट खेलाडी घोषित भएका थिए । गण्डकी प्रदेश टिमबाट खेलेका रविका लागि सम्भवतः उक्त प्रतियोगिता नै उनको भलिबल करिअरको अन्तिम प्रतियोगिता हुनेछ । भलिबलका उदीयमान प्रतिभा रवि टिम र देशका लागि उत्कृष्ट खेल्दाखेल्दै भलिबलबाट हात धुन विवश बनेका छन् । देशभित्रका कैयन प्रतियोगितादेखि गत वर्ष बङ्गलादेशमा भएको 'बङ्गबन्धु एसियन यु–२३ सेन्ट्रल एसियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता'मा राष्ट्रिय टिमबाट खेलेका उनी केही दिनअघि रोजगारीका लागि जापान पुगेका हुन् ।

तीन वर्षअघि 'एनभिए भलिबल च्याम्पिएनसिप' खेल्दै राष्ट्रियस्तरको प्रतियोगितामा डेब्यु गरेका प्रभावशाली ओपन स्पाइकर रविले भलिबल करिअरलाई बिट मार्दै विदेशिएका हुन् । राष्ट्रिय टिमबाट भलिबल खेल्ने सपना पूरा नभएपछि भविष्य सोचेर नयाँ बाटो तय गरेको उनले सुनाए । 'भलिबलमा राम्रै भइरहेको थियो, प्रतियोगिता पनि खेलिरहेको थिएँ', २४ वर्षीय रविले भने, 'राष्ट्रिय टिमबाट खेल्न पाएको भए अझै केही वर्षसम्म भलिबल खेलिन्थ्यो होला, त्यो अवस्था नभएपछि भविष्य सोचेर विदेश जाने निर्णय लिएँ ।'

उनले राष्ट्रिय टिममा पर्न सके पुनः भलिबलमा फर्कने सोच बनाएको बताए । 'केही महिनामा राष्ट्रिय टिमको छनोट हुन्छ, हेरौँ खेलाडीको सूची कसरी आउँछ', रविले भने । गत वर्ष भलिबलको क्लोज क्याम्पमा परे पनि उनी राष्ट्रिय टिममा छनोट हुनसकेका थिएनन् । छोटो अवधिमै भलिबलमा चम्केका रवि फेरि कोर्टमा फर्केलान्÷नफर्केलान् तर खेलप्रेमीले भने उनलाई पछिसम्म सम्झनेछन् । बागलुङको गलकोट नगरपालिका–७ मल्ममा जन्मेका रवि कुनै औपचारिक प्रशिक्षणबिनै भलिबलमा उदाएका प्रतिभा हुन् । चौध–पन्ध्र वर्षको उमेरदेखि गाउँका कुनाकन्दरामा भलिबल खेल्दै, सिक्दै अगाडि बढेका रविले देशको जर्सीमा अन्तर्राष्ट्रिय प्रतियोगितासमेत खेल्न भ्याए । गाउँठाउँमा लोकप्रिय पनि रहेको र सानैदेखि अरुले खलेको देख्दा भलिबलतिर रुचि जागेको उनले सुनाए ।

दुई वर्षअघि बङ्गलादेशको राजधानी ढाकामा भएको 'बङ्गबन्धु एसियन यु–२३ सेन्ट्रल एसियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता'का खेल्न पाउनुलाई उनले करिअरकै महत्त्वपूर्ण अवसरका रुपमा सम्झन्छन् । त्यो उनले देशका लागि खेलेको एकमात्र प्रतियोगिता हो । अन्य प्रतियोगिताका सिलसिलामा भने रवि मलेसिया र हङकङ पनि पुगेका थिए । 'राष्ट्रिय टिमबाट देशका लागि खेल्ने ठूलो सपना थियो, तर पूरा हुनसकेन, क्लोज क्याम्पमा परेर पनि छनोटमा परिनँ', उनले भने, 'नेपाल भलिबल सङ्घले नयाँ खेलाडीलाई पनि स्थान दिनुपर्छ ।' रविले नेपालमा हुने राष्ट्रियस्तरका प्रतियोगितामा राम्रो प्रदर्शन गर्दै आएका थिए । अधिकांश खेलमा उनी उत्कृष्ट खेलाडी घोषित हुन्थे । गत वर्ष पोखरामा भएको तेस्रो संस्करणको टाइगर कपमा सर्वोत्कृष्ट खेलाडीका रुपमा उनले २५ हजार रुपैयाँ र ट्रफी हात पारेका थिए । त्यसयताका प्रतियोगितामा पनि उनले सफलता जारी राखे ।

यसै वर्ष वीरगंज स्मृति कप, लामाचौर कप र प्रदेशी हातेमालो सोसाइटीले हङकङमा आयोजना गरेको प्रतियोगितामा पनि उनी उत्कृष्ट खेलाडी घोषित भएका थिए । रविले हालै सुर्खेतमा भएको ३४औँ राष्ट्रिय भलिबल प्रतियोगिता र पोखरामा आयोजित चौँथो टाइगर कपमा गण्डकी प्रदेश टिमबाट खेलेका थिए । उनले गलकोट भलिबल टिमबाट पनि दर्जनौँ प्रतियोगिता खेल्दै टिमलाई जित दिलाएका थिए ।

गण्डकी प्रदेश भलिबल टिमका प्रशिक्षक रमेश केसीले हरेक प्रतियोगितामा रविले उत्कृष्ट प्रदर्शन गर्ने गरेको स्मरण गरे । उमेरले जुनियर खेलाडी भए पनि उचाइ र जम्पले केसीलाई साथ दिएको उनको भनाइ छ । 'विपक्षी खेलाडीभन्दा धेरै माथिबाट रविले शक्तिबाली स्पाइक गर्न सक्छन्, उनको बलियो पक्ष भनेको हाइट र जम्प गर्न सक्ने क्षमता हो', केसीले भने ।

रवि राष्ट्रिय टिममा पर्न योग्य खेलाडी रहेको उनको भनाइ छ । छोटो समयमै रविले भलिबलमा आफूलाई प्रमाणित गरेका थिए । व्यावसायिक सुरक्षा र अवसरको सुनिश्चितता भए भलिबलमै समर्पित भएर लाग्ने बताउँदै आएका रविले बाध्यतावश बाटो मोड्नु परेको सुनाए । 'नेपालको अवस्था पनि यस्तै छ, खेलाडीको भविष्य सुरक्षित छैन, बाध्यता र भविष्य हेरेर मैले बिदेसिनुपरेको हो', उनले भने ।

अवसर पाएमा जापानमा पनि भलिबललाई निरन्तरता दिने सोचमा उनी छन् । खेल कौशल सँगसँगै अनुशासनमा पनि उनी अब्बल मानिन्छन् । भलिबलमा चम्किएका रविको बर्हिगमनलाई लिएर खेलप्रेमी भने चिन्तित छन् । उनीहरुले उदाउँदो खेल प्रतिभालाई राज्यले चिन्न नसकेको टिप्पणी गरेका छन् । खेल टिप्पणीकार हेमराज हमालले उत्कृष्ट स्पाइकर रविलाई देशमा टिकाउन नसकिएकामा दुःख व्यक्त गरे । 'रवि नेपालकै लागि लामो समय उत्कृष्ट स्पाइकर बन्न सक्थे, बिडम्वना राम्रा खेलाडी प्रतिभाहरु नै विदेश पलायन हुनुपर्ने अवस्था छ', उनले भने । जिल्ला भलिबल सङ्घ, बागलुङका अध्यक्ष योगेश भण्डारीले रवि नेपाली भलिबलको प्रतिभावान खेलाडी रहेको बताए । भलिबलमा करिअर बनाएका धेरै नेपाली खेलाडीहरु विदेश पलायन भइरहेको उनको भनाइ छ । 'विभागीय टिममा पर्न सके खेलाडीलाई राम्रै छ, नत्र केही समय खेलेर बीचमै छोड्नुपर्ने अवस्था छ', उनले भने 'राज्यका निकायले पनि खेलाडी संरक्षणको नीति र योजना ल्याउन सकेका छैनन् ।' राज्यले मात्रै सबै खेलाडीको व्यावसायिक सुरक्षाको सुनिश्चितता गर्न नसक्ने हुँदा कर्पोरेट क्षेत्रले पनि लगानी बढाउनुपर्ने अध्यक्ष भण्डारीले बताए ।

# सिड्नीमा छुरा प्रहारबाट पाँच जनाको मृत्यु



**एएफपी**
**सिड्नी ।**
अस्ट्रेलियाको सिड्नीमा रहेको एउटा व्यवसायिक भवनभित्र मानिसहरूलाई आतङ्कित पार्ने गरी छुरा प्रहार भएको छ । उक्त घटनामा कम्तीमा पाँच जनाको मृत्यु भएको प्रहरी र स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । प्रधानमन्त्री एन्थोनी अल्वानिजले सपिङ मल (किनमेल केन्द्र) मा भएको आक्रमणमा 'केही व्यक्ति हताहत भएको' पुष्टि गरेका छन् । त्यहाँ एक नौ महिनाको बच्चासहित कैयौँलाई छुरा प्रहार गरिएको प्रत्यक्षदर्शीले बताए ।

बोन्डी जक्शनस्थित वेस्टफिल्ड मलभित्र आक्रमणको घटनासँगै मानिसहरूको भागाभाग भएको र प्रहरीले घटनास्थललाई नियन्त्रणमा लिई व्यापक कारबाही गरेको छ । न्यू साउथ वेल्स एम्बुलेन्स सेवाले आक्रमणकारी ठानिएका एकजना व्यक्तिको प्रहरी कारबाहीमा मृत्यु भएको जनाएको छ । घटनास्थलबाट मानिसहरू भागिरहेको देखिने खालका तस्बिर तथा भिडिओहरू सामाजिक सञ्जालमा सार्वजनिक भएका छन् ।

प्रहरीले त्यहाँको समय अनुसार अपरान्ह ४ बज्नै लाग्दा एक व्यक्तिलाइृगोली हानिएपछि अवस्था संवेदनशील बनेको जनाएको छ । आक्रमणका घटनाहरू जारी रहेको भन्दै मानिसहरूलाई उक्त क्षेत्रतर्फ नजान भनिएको छ । उक्त क्षेत्रलाई खाली गरिएको छ भने घटनास्थलमा दर्जनौँ एम्बुलेन्स र प्रहरीका गाडीहरू रहेका तस्बिरहरू सामाजिक सञ्जालमा पोस्ट गरिएका छन् । सामाजिक सञ्जालमा शेअर गरिएको भिडिओमा एकजना पुरुषले ठूलो खालको चक्कु लिएर आक्रमण गर्न खोजेको पनि देखाइएको छ । न्यू साउथ वेल्स एम्बुलेन्स सेवाले आक्रमणकारी ठानिएका एकजना व्यक्तिको प्रहरी कारबाहीमा मृत्यु भएको छ ।

# पाकिस्तानी विद्रोहीको आक्रमणमा ११ जनाको मृत्यु

**एएफपी**
**पाकिस्तान ।**
पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दुकधारीले ११ जनाको हत्या गरेको अधिकारीहरूले शनिबार बताएका छन् । स्थानीय समयअनुसार शुक्रबार राति ८ बजेतिर बलुचिस्तान प्रान्तको नौस्की शहरनजिकै छ जना बन्दुकधारीले एउटा बस रोकेरे परिचयपत्र जाँच गरी पञ्जाबको पूर्वी क्षेत्रका नौ जना कामदारलाई अपहरण गरेको प्रहरीले जनाएको छ । स्थानीय प्रहरीका वरिष्ठ अधिकारी अल्लाह बख्शले एएफपीसँग भने, 'राजमार्गबाट दुई किलोमिटर टाढा गोली लागेको अवस्थामा उनीहरूको शव फेला परेको थियो ।

आक्रमणकारीले पछि प्रान्तीय सांसदको कारलाई लक्षित गरी गोली चलाएको बख्शले बताए । गोली चल्दा गाडीमा सांसद नरहेको बुझिएको छ । आक्रमणपछि कार सडक नजिकैको खाल्डोमा खस्दा दुई जनाको मृत्यु भएको हो । नौश्की जिल्ला प्रशासनका वरिष्ठ अधिकारी हबिबुल्लाह मुसाखाइलले एएफपीसँग भने, 'प्रहरी र अर्धसैनिक बलले आक्रमणकारीलाई पक्राउ गर्न त्यस क्षेत्रमा खोजी कार्य सुरु गरेका छन् तर आक्रमणकारीहरू यस पटक त्यस क्षेत्रबाट भाग्न सफल भएका छन् ।' बख्शले बन्दुकधारीहरूले 'बलोच पृथकतावादीहरूको कार्यप्रणाली स्पष्ट रूपमा प्रयोग गरेको' र आक्रमणको पछाडि कसको हात थियो भन्ने पुष्टि गर्न अनुसन्धान सुरु गरिएको बताए । पाकिस्तानको सबैभन्दा ठूलो तर गरिब प्रान्त बलुचिस्तानमा जातीय पृथकतावादीहरूले दशकौं लामो विद्रोह गर्दै आएका छन् ।

लडाकूहरूले विगतमा पाकिस्तानका अन्य स्थानका जातीय पञ्जाबी र सिन्धीहरूलाई लक्षित गरेका थिए, साथै विदेशी ऊर्जा फर्महरूले यस क्षेत्रको धनको साझेदारी नगरी यस क्षेत्रको दोहन गरिरहेको उनीहरूको भनाइ छ । पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले शुक्रबार राति भएको आक्रमणलाई 'आतङ्कवादको घटना' को संज्ञा दिँदै 'सहजकर्तालाई दण्डित गरिने' बताएका छन् । गत वर्ष अक्टोबरमा बन्दुकधारीले निजी आवास निर्माण गरिरहेका छ जना पञ्जाबी मजदूरको हत्या गरेका थिए । गत महिनाको अन्त्यतिर यस क्षेत्रमा चीनको लगानीको आधारशिला मानिएको बन्दरगाहको कार्यालयमा आक्रमण गर्ने क्रममा आठ जना बलोच लडाकू मारिएका थिए ।

आक्रमणको क्रममा दुई जना पाकिस्तानी सैनिकको मृत्यु भएको सेनाको जनसम्पर्क शाखाले जनाएको छ । पाकिस्तानी सुरक्षा बल पृथकतावादीहरूको सबैभन्दा बढी निशानामा परेको छ । बलोच लडाकूले आफ्नो समुदायलाई उनीहरूको प्रतिरोधको बदलाको रूपमा गैरन्यायिक हत्या र बेपत्ता पार्ने गरेको दाबी गर्छन् ।

# 'संस्कार शिक्षा' मा विद्यालय र बालबालिकाको आकर्षण

**पूर्णप्रसाद मिश्र**
**काठमाडौँ ।**
भविष्यका कर्णधार बालबालिकाको समुज्ज्वल जीवनका लागि शास्त्रीय आधार दिने उद्देश्यले डा स्वामी केशवानन्दले लेखेको 'संस्कार शिक्षा' पुस्तकलाई विद्यालयले पाठ्यपुस्तकका रुपमा समावेश गर्न थालेका छन् । स्वामी केशवानन्दले लेखेको पुस्तक गत भदौमा सार्वजनिक भएको थियो । हालसम्म करिब ५० विद्यालयले पाठ्यक्रममै राखेर आगामी शैक्षिक सत्रदेखि 'संस्कार शिक्षा' को अध्यापन सुरु गरेका छन् । स्याङ्जाको अर्जुन चौपारी गाउँपालिकाअन्तर्गतका सबै विद्यालयमा 'संस्कार शिक्षा' को पठनपाठन गर्ने भएको छ । आधारभूत तहका कक्षा ४, ५, ६ र ७ का विद्यार्थीलाई यो पुस्तक पढाइने जनाइएको छ । बुटवल, नवलपुर, पोखरा र राजधानी काठमाडौँका विद्यालयले पनि 'संस्कार शिक्षा' को पठनपाठनमा रुचि देखाएका छन् । सनातन संस्कृति र मानवीय मूल्यको यात्राका लागि पुस्तक तयार पारिएको स्वामी केशवानन्द बताउँछन् । पुर्खाले जीवनयापनमा आवश्यक सम्पूर्ण कामलाई संस्कारसँग जोड्ने गरी पुस्तक तयार पारिएको हो । जीवनयापनमा आवश्यक काम संस्कारसँग जोडिएको र त्यो अहिलेका बालबालिमा हराउन थालेकाले पुस्तककै रुपमा प्रकाशन गरेर विद्यालयमा पठनपाठनको वातावरण बनाइएको हो । संस्कारहीन व्यक्ति चरित्रहीन हुने, धनहीन हुँदा समस्या नहुने तर चरित्रहीन हुँदा पछि कमाउन नसकिने भएकाले भावी पुस्ताका लागि पुस्तकको आवश्यकता रहेको स्वामी केशवानन्द बताउँछन् । यसैले विद्यालयले पनि यसको आवश्यकता महसुस गर्न थालेको उनको भनाइ छ ।

पुस्तकमा अक्षरारम्भदेखि नै बालबालिकालाई संस्कार सिकाउने गरी पाठ राखिएको छ । साना बालबालिकालाई पढ्नमा रुचि जगाउन 'आफ्नो नाममा आउने अक्षरमा रङ भर' जस्ता अभ्यास पनि राखेर पढ्न आकर्षित गरिएको छ । आधुनिक बालबालिकाले ह्रस्व, दीर्घ र प्लुत भनेको नै नबुझ्ने अवस्था आउन थालेकाले पुस्तकमा त्यससम्बन्धी पाठ समावेश गरिएको छ । व्यञ्जनसँग जोडिने स्वरका मात्रा, व्यञ्जनसँग संयुक्त स्वर, संयुक्त व्यञ्जन, विसर्ग, अनुस्वार, चन्द्रविन्दुजस्ता विशेष वर्णबारे पनि पुस्तकमा जानकारी गराइएको छ । पाठसँगै अभ्यास पनि समावेश गरेर बालबालिकालाई सिकाउन सजिलो बनाइएको छ । देवनागरी लिपिका बारेमा पनि पुस्तकमा प्रकाश पारिएको छ ।

गणेशवन्दना पाठमा वन्दनासहित शब्दको अर्थ एवं गणेशका विषयमा जानकारी गराइएको छ । कुन ग्रहबाट कुन बारको नाम भयो ? जस्ता पाठले बालबालिकालाई पूर्वीय संस्कृतिका विषयमा सानैदेखि जानकार बनाउन खोजिएको जनाइएको छ । बालबालिकालाई ब्रह्ममुहूर्तमा उठ्न, ईश्वरको वन्दना गर्न, सकारात्मक सोचको विकास गर्न प्रेरित गर्ने पाठ पुस्तकमा राखिएको छ ।

सुत्दा सिरानी कता गर्ने ? आकर्षक चित्रका माध्यमबाट १० दिशाको ज्ञान जस्ता विषयले पनि बालबालिकाको ध्यान आकर्षण गर्छ । 'सधैँ अभिवादन गर्‍यो भने आयु बढ्छ, विद्या बढ्छ, सबैले सम्मान गर्छन्, शक्ति पनि बढ्छ', 'फलेका रूखहरू झुक्छन् । नझुक्ने त ठुटो हो, सुकेको रूख हो । नझुक्ने मूर्ख हो ।' जस्ता पाठले बालबालिकालाई सानैदेखि संस्कारमा डोर्‍याउँछ । पुस्तकमा गणेश चतुर्थीका बारेमा जानकारीमूलक सामग्री राखिएको छ । गणेशको प्रथम पूजासँग जोडिएको कथाले बालबालिकालाई आकर्षक रुपमा संस्कारको जानकारी दिएको छ । चन्द्रमाको गतिअनुसार महिनामा हुने शुक्ल र कृष्ण पक्ष, तिथिका नाम जस्ता विषयले बालबालिकालाई वैदिक संस्कृतिको ज्ञान दिन्छ । वर्ण शिक्षा अन्तर्गत दुई वा दुईभन्दा बढी वर्ण जोडिएका विशिष्ट वर्णको जानकारी पनि पुस्तकमा समावेश गरिएको छ ।

पाठ दुईमा सरस्वतीवन्दना छ । सरस्वती वन्दनाको शब्दार्थ, सरस्वतीका १२ नाम समावेश गरिएको संस्कृत श्लोक, कोठामा अक्षर दिएर सरस्वतीका १२ नाम बनाउने अभ्यास पनि दिइएको छ । यस्ता अभ्यासले बालबालिकालाई पढेका पाठ याद गर्न सहयोग गर्छ । वेदको संख्या र शाखाको नामसहितको जानकारीले बालबालिकालाई वैदिक ज्ञानप्रति आकर्षित गर्न खोजेको छ ।

'सधैँ स्नान गर्छु' पाठले सफाइका साथै नदी सभ्यताका बारेमा बालबालिकाको ध्यानाकर्षण गरेको छ । नेपालका प्रमुख पाँच नदी कोसी, वाग्मती, त्रिशूली, कालीगण्डकी र महाकालीबारे बालबालिकालाई सामान्य ज्ञान पनि यस पाठमा दिइएको छ । पक्ष, महिना र ऋतुको ज्ञान पनि बालबालिकाले पुस्तकबाट पाउँछन् । 'सत्य बोल', 'बाटो खोज', 'ज्ञानका कुरा, राम्रो म' जस्ता पाठले पनि बालबालिकालाई उत्सुकतापूर्वक यो पुस्तक पढ्न प्रेरित गर्छ । श्रीपञ्चमी, कालिदासको कथा, १२ राशिका नाम, शिवस्तुति, शिवका अस्त्र, वाहन एवम् अन्य, जपध्यान, प्राणायाम, मेरा बाबा मेरा भगवान्, महाशिवरात्रि, पशुपति, भस्मासुरको कथा, वेदका छ अङ्ग जस्ता विषयले बालबालिकालाई सनातन संस्कृतिका बारेमा ज्ञान दिन्छ । गुरुवन्दना, ऋषि दत्तात्रेयले २४ गुरुबाट सिकेका ज्ञान, भगवान्को भजन, हिन्दु कालगणना सूक्ष्मतादेखि विराटसम्म, गुरु भगवान्, पञ्चामृत, गुरु पूर्णिमा, श्रीगुरुयन्त्र, गुरुभक्तिको कथा, महाभारतसम्बन्धी सामान्य जानकारी पनि पुस्तकमा दिइएको छ । यसले हाम्रो मौलिक संस्कारको जानकारी बालबालिकालाई हुन्छ । देवीवन्दना पाठमा देवीको एक श्लोकको स्तोत्रसहित नेपालका मुख्य १२ वटा देवी मन्दिरको जानकारी बालबालिकालाई गराइएको छ । स्वाध्याय पाठमा वैदिक दर्शनको महत्वलाई सूक्ष्म तरिकाले सहज रुपमा बुझाउन खोजिएको छ । वेद, गीता, पुराण, उपनिषद्, धर्मशास्त्र, दर्शन, इतिहास र आयुर्वेदको चक्रीय तालिका बनाएर तिमीले के के पढेका छौँ रङ भर भनी ज्ञानका यी स्रोतप्रति बालबालिकाको इच्छा जागृत गराउने खालका सामग्री पनि पुस्तकमा समावेश गरिएको छ । विभिन्न मुद्राको जानकारी पनि पुस्तकमा दिइएको छ । नारी सम्मानको महत्व, नारी वेषभूषाका पाठसँगै लक्ष्मी, सरस्वती, दुर्गा, गायत्री, भैरवी र कुमारीबारे जिज्ञासु बन्न पनि पुस्तकले प्रेरणा दिएको छ । अक्षय तृतीया, नदीको जल, व्यापारीको कथा, इनार, धारो, कुवा र पोखरीजस्ता मौलिक ज्ञान पनि पुस्तकमा दिइएको छ । विष्णस्तुतिसँगै भोजनको ज्ञान, भोजनको नियम, भोजन संस्कृति, नैवेद्य, ऋतुफल, नवग्रह, बुढानीलकण्ठ मूर्तिको सामान्य जानकारी, त्यागका मूर्ति मुद्गल ऋषिको कथा, सात प्रमुख ऋषिको जानकारी पनि पुस्तकमा दिइएको छ । लक्ष्मीवन्दना, शक्तिपीठ, दिनचर्या, जपमाला, कवि शिरोमणि लेखनाथ पौडेलको नैतिक दृष्टान्त कविता, अयन, लक्ष्मीपूजा, द्यौसी, भैलो, धनपति कुबेरको कथा, मूर्तिका विषयमा सामान्य जानकारी पनि 'संस्कार शिक्षा'ले दिएको छ । सूर्यवन्दना, सूर्यका रङहरु, सूर्यनमस्कार र सूर्योपस्थान, गायत्री मन्त्रसम्बन्धी संक्षिप्त जानकारी, दानमहिमा, चौतारो, कार्तिकदान, ३३ कोटि देवता, दधीचिको कथा, राजा जनकका पाठ दिएर बालबालिकालाई नेपाली मौलिक संस्कार हुर्कने वातावरणको निर्माण गर्न खोजिएको छ । कृष्णस्तुति, शालग्राम, ब्रह्मचर्य, नक्षत्रसम्बन्धी सामान्य जानकारी, विद्यार्थीको लक्षण, याज्ञवल्क्य, जन्मोत्सव कसरी मनाउने ?, अष्टचिरञ्जीवीसम्बन्धी संक्षिप्त जानकारी, मार्कण्डेयको कथा, पिपलसम्बन्धी जानकारी पनि पुस्तकमा पढ्न पाइन्छ । रामवन्दना, आदिमहाकाव्य रामायणका रचनाकार वाल्मीकि, पञ्चदेवपूजनको महत्व, धूप र धुपौरोसम्बन्धी जानकारी, नीतिपद्य, अष्टदल, रामनवमी, पञ्चेबाजा, जननी र जन्मभूमिको कथा, नेपालको झन्डासम्बन्धी छोटो जानकारी पनि 'संस्कार शिक्षा' मा दिइएको छ । हनुमद्वन्दना, अठार पुराणका नाम, पञ्चोपचारको पूजनपद्धति, कलश, नीतिशिक्षा, कुश, शतबीजरोपण, ॐकार र हनुमानको कथा पनि पुस्तकमा समावेश गरी बालबालिकालाई पढौँ पढौँ लाग्ने गरी पुस्तकको निर्माण गरिएको छ । बालबालिकालाई संस्कारमा फर्काउने उद्देश्यले तयार पारिएको १२० पृष्ठको पुस्तकको अन्तिममा नेपालका चारधाम वराहक्षेत्र, पशुपतिक्षेत्र, मुक्तिक्षेत्र र रुरुक्षेत्रका बारेमा सामान्य परिचय उल्लेख गरिएको छ । गोकर्णेश्वर नगरपालिका वडा नं.१ स्थित ड्याफोडिल माध्यमिक विद्यालयबाट कक्षा ५ उत्तीर्ण गरी हाल 'संस्कार शिक्षा' अध्ययन गरी दिन बिताइरहेका उदय अर्याल बिहान उठेदेखिका संस्कारका बारेमा पढ्न पाउँदा खुसी लागेको बताउँछन् । 'संस्कार शिक्षा' को अध्ययनले अनिवार्य नेपाली विषयको अध्ययनमा पनि सहजता आउने अनुभव आफूले गरेको बताउँछन् । पुस्तकले गीतालगायत मौलिक दर्शनको अध्ययनमा रुचि जाग्ने समेत बालबालिकाले अनुभूति पनि गरेको जनाएका छन् । बालबालिकालाई पढौँ पढौँ लाग्ने यो पुस्तक भाना फाउन्डेसनले प्रकाशन गरेको हो । पुस्तकको मूल्य पाँच सय ५५ रुपैयाँ तोकिएको छ ।

## २०८० मा स्वास्थ्य




**बुनु थारु**
**काठमाडौँ ।**
२०८० को वर्षान्ततिर चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक भयो । यसअघि सरकारले सार्वजनिक नगरेको प्रतिवेदन छ वर्षपछि शिक्षामन्त्री सुमना श्रेष्ठले सार्वजनिक गरिन् । चिकित्सा शिक्षाअन्तर्गत भर्ना, सम्बन्धन, शुल्क र गुणस्तरका विषयमा अनियमितता छानबिन गर्न सरकारले २०७४ वैशाख ४ मा आयोग गठन गरेको थियो । आयोगले ४२ जनालाई कारबाही सिफारिस गरेको छ । योसहित २०८० मा स्वास्थ्य क्षेत्रमा धेरै उपलब्धि देखिएका छन्, यद्यपि सुधार गनुपर्ने उत्तिकै छन् । स्वास्थ्य क्षेत्रको अर्को उपलब्धि भनेको क्यान्सर रोगको उपचारका लागि निःशुल्क औषधिबारे सहमति हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र सेन्ट ज्यूड चिल्ड्रेन रिसर्च इन्सिच्युटबीच बालबालिकामा हुने क्यान्सरको औषधि उपलब्ध गराउने सहमति भएको छ । सहमतिअनुसार आगामी चार वर्षसम्म ३५ प्रकारका औषधि निःशुल्क दिइने भएको छ । नेपालमा हरेक वर्ष करिब नौ सय बालबालिकामा क्यान्सर पहिचान हुने गर्छ, जसमा सीमितले मात्र उपचार पाउने गरेका छन् । चिकित्सकका अनुसार नेपालमा बालबालिकालाई रगत, आँखा, कलेजो, हड्डी र मांसपेशीको क्यान्सर बढी हुने गरेको छ ।

सरकारले पाठेघरको मुखको क्यान्सर पहिचान 'स्क्रिनिङ'को दायरा बढाउन नसके पनि यो वर्ष नेपालमा ११ प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सर पहिचान 'स्क्रिनिङ' गरिएको छ । पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन ३० देखि ४९ वर्ष उमेर समूहका महिलामा 'स्क्रिनिङ' गर्ने कार्यक्रम सरकारको प्राथमिकतामा छ । ढिलै भए पनि पाठेघरको मुखको क्यान्सर हुने जोखिमलाई घटाउन एचपिभी खोप सरकारले यो वर्षदेखि लगाउन थालेको छ । पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'पाइलटिङ' भदौ २७ गते परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथलीबाट सुरु भयो । सरकारले १४ वर्ष पुगेका र १५ वर्ष ननाघेका किशोरीलाई लक्षित गरी खोप दिने योजना ल्याएको थियो । खोप थोरै भएकाले यो वर्ष सात जिल्लामा मात्र दिइएको छ । आगामी वर्ष देशैभरिका किशोरीलाई खोप दिइने सरकारको योजना छ ।

जटिल मानिने शल्यक्रियाको रुपमा कलेजो प्रत्यारोपण पनि पर्दछ । नेपालमा विसं २०७३ यता नेपालमै कलेजो प्रत्यारोपण सुरु भए पनि विदेशी विज्ञहरुकै भरमा शल्यक्रिया गर्नुपर्ने बाध्यता थियो । अब त्यो अवस्था रहेन । त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा नेपालमै पहिलोपटक नेपाली चिकित्सककै अगुवाइमा कलेजो प्रत्यारोपण गरिएको छ । कलेजो प्रत्यारोपण सर्जन डा रमेशसिंह भण्डारीको नेतृत्वमा २७ पुसमा नुवाकोटका ४१ वर्षीय पुरुषको कलेजो प्रत्यारोपण गरिएको हो ।

वयस्कमा मात्र होइन मानसिक समस्याको भुक्तभोगी किशोरकिशोरी भइरहेका छन् । नेपालमा हेर्ने हो भने मानसिक स्वास्थ्यको उपचारका लागि सरकारीस्तरमा धेरै सेवा उपलब्ध छैनन् । त्यसमाथि किशोरकिशोरी लक्षित उपचार सेवा एकदम कम छन् । कान्तिबाल अस्पतालबाहेक सरकारी तहमा त्यो सुविधा नभएकाले यही वर्षदेखि मानसिक अस्पताल लगनखेलमा 'किशोरकिशोरी मानसिक स्वास्थ्य एकाइ' सुरु भएको छ । बढ्दो मानसिक समस्यालाई हल गर्न पक्कै यो प्रयास सार्थक हुनेछ ।

देशकै एकमात्र प्रसूति सेवासम्बन्धी रिफरल अस्पताल परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल कुपण्डोलस्थित नयाँ भवन यो वर्षदेखि सञ्चालनमा आएको छ । बिरामीको बढ्दो चापले सेवा दिन कठिनाइ भएका बेला भवन विस्तारले सहजता पाउने देखिन्छ । पाँच तले भवनमा आइभिएफ सेवा, सुरक्षित गर्भपतन सेवा, पाठेघरको क्यान्सरको जाँचलगायतका सुविधा प्रदान गरिने भएको छ ।

स्वास्थ्य सेवा विभागको तथ्याङ्कअनुसार पछिल्लो वर्ष देशभर ७६ हजारभन्दा बढी मानिस जलनबाट प्रभावित भएका छन् । संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलनको उपचारका लागि वीर अस्पताल, शिक्षण अस्पताल र पाटन अस्पतालमा जलन युनिट स्थापना गरी सेवा विस्तार गर्ने बताएका छन् । उपचार एकदम खर्चिलो र सबै ठाउँमा उपचार सुविधा नहुँदा धेरैले अनाहकमा ज्यान गुमाउनु परेको छ ।

**सुधार गर्नुपर्ने पाटो**
गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विश्व स्वास्थ्य सङ्गठनको मान्यताअनुसार कूल बजेटको १० प्रतिशत स्वास्थ्यका लागि बजेट छुट्याउनुपर्छ तर हाल बजेटको आकार हेर्ने हो भने स्वास्थ्य क्षेत्रलाई यो वर्ष ४ दशमलव ८ प्रतिशत मात्र विनियोजन गरिएको छ । स्वास्थ्यका सूचकलाई सुधार गर्ने हो भने बजेटको आकार बढाउनैपर्छ ।

**आधारभूत अस्पताल निर्माणमा ढिलाई**
पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ मङ्सिर १५ मा तीन सय ९६ स्थानीय तहमा आधारभूत अस्पतालको शिलान्यास गरेका थिए । पहिलो चरणको अस्पताल निर्माण भइसकेका थिएनन् । त्यति नै बेला सरकारले थप दुई सय ५९ तहमा अस्पताल निर्माणको निर्णय लियो । दुई वर्षभित्र निर्माण कार्य सक्ने सरकारको लक्ष्य भए पनि शिलान्यास गरिएका अधिकांशको काम पूरा भएका छैनन् ।

**सुधारोन्मुख स्वास्थ्य बीमा**
२०७८ साल चैत २५ गते कैलालीबाट सुरु भएको स्वास्थ्य बीमा कार्यक्रम अहिले देशका ७७ वटै जिल्लामा पुगेको छ । काठमाडौँ उपत्यकाको एउटा स्थानीय तह (बूढानीलकण्ठ नगरपालिका) मा छिट्टै लागू गरिने बीमा बोर्डको योजना छ । स्तरीय स्वास्थ्य सेवालाई जनताको पहुँचसम्म पुर्‍याउन सुरु गरिएको बीमा कार्यक्रम सुधारोन्मुख छ । यो वर्ष केही नियम परिमार्जन भएका छन् । स्वास्थ्य बीमामा आबद्ध भइ वर्षभरिमा त्यसबाट उपचार सुविधा प्रयोग नगरेका बीमितले अर्को वर्ष नवीकरण गर्दा लाग्ने शुल्कमा १० प्रतिशत छुट पाउने नियम छ । नियमावली भए पनि यसको कार्यान्वयन हुन सकेको छैन । त्यसैगरी बीमित सदस्यले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन भएका निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्न जाँदा २० प्रतिशत सहभुक्तानी (को पेमेन्ट) तिर्नुपर्ने भएको छ । बीमा बोर्डले सरकारीमा १० प्रतिशत र निजी तथा सामुदायिक अस्पतालमा उपचार गराउनेले २० प्रतिशत सहभुक्तानी गर्ने निर्णय गरेको हो । त्यसैगरी बीमा बोर्डले बीमाअन्तर्गत रहेको ओपिडी र आकस्मिक शुल्क परिमार्जन गरेको छ । बीमितले ओपिडीमा ५० रुपैयाँ र आकस्मिक सेवाको टिकटका लागि सय रुपैयाँ तिर्नुपर्नेछ । यसअघि ओपिडीमा दुई सय रुपैयाँ र आकस्मिक सेवामा चार सय रुपैयाँ शुल्क तोकिएको थियो । बोर्डको तथ्याङ्कअनुसार कूल बीमित परिवार सख्यां २३ लाख ९२ हजार छ सय ७६ अर्थात् ३५ दशमलव ८८ रहेका छन् । बीमित जनसंख्या ७७ लाख ४१ हजार चार सय ८३ जना छन् । नवीकरण नगर्ने बीमित संख्या भने ४८ लाख आठ हजार सात सय ६० जना छन् ।

**खोपमा बालबालिकाको पहुँच बढाउँदै लानुपर्ने**
नेपाल सर्वेक्षण २०२२ का अनुसार १६ प्रतिशत बालबालिका पूर्ण खोपबाट वञ्चित छन् । चार प्रतिशत बच्चाले शून्य डोज पनि लगाएका छैनन् । सन् २०२३ मा नेपाललाई दादुरा रुबेलामुक्त घोषणा गर्ने नेपाल सरकारको लक्ष्य थियो तर यो वर्ष पनि विभिन्न जिल्लामा दादुराको 'आउट ब्रेक' भएको देखिन्छ । विश्व स्वास्थ्य सङ्गठनले गुणस्तरीय स्वास्थ्य सेवा र दिगो सुधारको लागि कूल बजेटको कम्तीमा १० प्रतिशत बजेट छुट्याउनुपर्ने थियो तर यो वर्ष ४ दशमलव ९२ प्रतिशत छुट्याएको अवस्था छ । स्वास्थ्य सूचकमा उल्लेखनीय प्रगति गर्न राज्यको लगानी बढाउनुपर्ने
देखिन्छ । केही सूचकमा सुधार देखिन्छ । विगतको तुलनामा मातृ मृत्युमा सुधार हुँदै गइरहेको छ । राष्ट्रिय जनगणना २०७८ ले नेपालमा पहिलोपटक मातृ मृत्युसम्बन्धी अध्ययन गरेको थियो । अध्ययनले नेपालमा एक लाख जीवित जन्ममा एक सय ५१ जना आमाको मृत्यु देखिएको थियो । विश्वव्यापी लक्ष्यअनुरूप नेपालले २०३० सम्ममा प्रतिएक लाख जीवित जन्ममा मातृमृत्यु ७० पुर्‍याउने प्रतिबद्धता जनाएको छ । लक्ष्य भेट्न भने कठिन देखिन्छ । नेपालको संविधानले 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने' भनेको छ ।

तर अहिलेसम्म आधारभूत स्वास्थ्य सेवा के हो र कहाँ पाइन्छ भन्ने जानकारी जनताले पाउन सकेका छैनन् । गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँचमा नेपालको कभरेज ५४ प्रतिशत छ जुन ८० प्रतिशत पुग्नुपर्ने हो । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दोस्रो पटक बागडोर सम्हालिरहेका छन् । स्वास्थ्य बीमालाई व्यवस्थित बनाउनु, आधारभूत स्वास्थ्य सेवालाई पहुँचमा पुर्‍याउनु, आधारभूत अस्पतालको गतिलाई बढाउनुपर्ने चुनौती उनको काँधमा छ ।

झण्डै चार सय वर्ष पहिले स्थापना भएको सिंहदरबार वैद्यखाना र नेपाल औषधि लिमिटेडको उत्पादन बढाउनुपर्ने देखिन्छ । स्वास्थ्य क्षेत्रका जनशक्ति भारी मात्रामा पलायन हुँदा दरबन्दी सिर्जना गरी दक्ष जनशक्ति टिकाउनु मुख्य विषय बनेको छ । स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउने, डेङ्गी नियन्त्रण, स्वास्थ्य जनशक्तिको उत्पादन र उपयोगबीच तादम्यता, गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि, खोपको कभरेज बढाउन लक्षित कार्यक्रम, मानसिक रोग तथा नसर्ने रोगको रोकथाम तथा नियन्त्रण अबको प्राथमिकतामा हुनुपर्छ ।



# सलहेशमा फूलबारी मेला



**रासस**
**सिरहा ।**
प्रत्येक नयाँ वर्षको दिन मेला लाग्ने सिरहाको लहान नगरपालिका–१२ र २२ को सिमानामा पर्ने सलहेश फूलबारीमा मेला लागेको छ । सलहेशमा बिहानैदेखि श्रद्धालुको भीड लागेको छ । हरेक वर्ष नेपाल तथा भारतबाट लाखौँ श्रद्धालु मेलामा आउने गरेको सहलेश फूलबारी मेला व्यवस्थापन समितिका अध्यक्ष तारणीप्रसाद चौधरीले बताए । भक्तजनको भीड व्यवस्थित गर्न स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरी सुरक्षा व्यवस्थापन चुस्त गरिएको मेला व्यवस्थापन समितिका अध्यक्ष चौधरीले जानकारी दिए । नौ बिघा क्षेत्रफलमा फैलिएको प्राकृतिक, सांस्कृतिक एवम् धार्मिक पर्यटकीय सलहेश फूलबारी क्षेत्र लहान बजारदेखि चार किलोमिटर दक्षिण–पश्चिममा पर्दछ ।

यहाँ मेला भर्न श्रद्धालु अघिल्लै दिनदेखि आउने गर्दछन् । सहलेश मन्दिरका पुजारी जितेन्द्र धामीका अनुसार १४ औँ शताब्दीका राजा सलहेसको सौर्य, पराक्रम, वीरता, साहस र प्रेमसँग गाँसिएका गाथाको सम्झनास्वरुप प्रत्येक वर्ष वैशाख १ गते मेला आयोजना हुने गरेको हो ।

यहाँ नयाँ वर्षको एक दिनमात्र हारमको रुखमा सुनाखरी फुल्ने र सोही दिन साँझ परेसँगै ओइलाउने किंवदन्ती छ । त्यही फूल हेर्न तथा मन्दिरमा पूजापाठ गर्न धार्मिक पर्यटक आउने गर्छन् ।

सलहेश तराईका पासवान जातिको इष्टदेव रहेको र तेह्रौँ शताब्दीका लोकनायक भएकाले सलहेशको पूजाअर्चना गर्नाले सन्तान प्राप्ति, चर्मरोग, कुष्ठरोगलगायतका समस्या हरण हुने जनविश्वास रहेको पुजारी धामीले बताए । नेपाल सरकारले यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न नयाँ पर्यटकीय गन्तव्यको सूचीमा समावेश गरिसकेको छ । सलहेश क्षेत्रको उचित विकास गरी अपेक्षित लाभ लिन नसकिएको स्थानीय प्रदीप चौधरीले बताए । स्थानीय, प्रदेश तथा नेपाल सरकारले एकीकृत गुरुयोजना बनाएर काम गर्नुपर्ने उद्योग वाणिज्य सङ्घ सिरहाका अध्यक्ष विकास सारडाको भनाइ छ । ऐतिहासिक धार्मिक क्षेत्रको संरक्षणका लागि नेपाली सेनाले राजा सलहेशको इतिहास शिलालेखमा उतारेर पैदल मार्ग बनाएको चोहर्वास्थित श्री शेरगणका प्रमुख दीपक कार्कीले जानकारी दिए । लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले ऐतिहासिक सहलेश फूलबारीको संरक्षण र व्यवस्थापन सुधारका लागि नगरपालिकाले काम गरिरहेको र समग्र विकासका लागि तीनै तहका सरकारले मिलेर काम गर्नुपर्ने धारणा राखे ।



**द्वितीय जनकपुरधाम सांस्कृतिक महोत्सव उद्घाटन**

*जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साह र भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत देवी सहाय मीनाले संयुक्त रूपमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र भारतीय दूतावास काठमाडौँद्वारा नयाँ वर्षको अवसरमा शनिबार जनकपुरधाममा आयोजित 'द्वितीय जनकपुरधाम सांस्कृतिक महोत्सव'को उद्घाटन गर्दै । तस्बिरः निरंजनकुमार साह/रासस*

# हनुमान वृद्धाश्रम शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १९ अन्र्तगत तिलावे नदीस्थित वृद्धाश्रम शिलान्यास गरिएको छ । तिलावे नदीको पश्चिम–दक्षिण भागस्थित शनिबार हनुमान वृद्धाश्रम शिलान्यास गरिएको हो । २ विगाहा जग्गामा निर्माण सुरु गरिएको वृद्धाश्रमको शिलान्यास संघीय सांसद अजय चौरसियाले गरेका हुन् । संघीय सरकारबाट विनियोजन भएको १ करोड रुपैँयाको बजेटको ठेक्का ६४ लाखको हाराहारीमा भएको वडा नम्बर १९ का अध्यक्ष मुकेश चौरसियाले बताए । उनका अनुसार यो वृद्धाश्रम निर्माणका लागि समाजसेवी प्रेम टिवडेवालले जग्गा उपलब्ध गराएका हुन् । शिलान्यास गरिएको हनुमान वृद्धाश्रम पहिलो तल्लामा ११ वटा कोठासहित बाथरुमसमेत निर्माण गरिने जनाइएको छ । तिलावे पुल नजिकै शिलान्यास गरिएको वृद्धाश्रम यही १५ असारभित्र भवन निर्माणको कार्य सम्पन्न गर्ने गरी टेण्डर भएको हनुमान वृद्धाश्रम समितिले जनाएको छ । समाजसेवी मुरलीधर रूगंटाको अध्यक्षतामा भएको शिलन्यास कार्यक्रममा वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंह, मधेश विश्वविद्यालयका उपकुलपति डा. दिपक शाक्य, समाजसेवीहरू विनय साह, पशुपति बिक्रम शाह, उषा शाह, श्याम पोखरेल, दिपक टिबडेवाल, वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतम, मधु राणा, पत्रकार जगदिश शर्मा लगायतको उपस्थिति थियो ।

# आज चैती छठ

**मधेशदृष्टि**
**वीरगंज ।**
तराई–मधेशमा चैती छठ मनाइँदै छ । शुक्रबारदेखि सुरु भएको श्रद्धा र निष्ठापूर्वक मनाइने चैती छठ पर्वको आज तेस्रो दिन अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिनेछन् । चैत शुक्ल चतुर्थी (चौथी) देखि सप्तमीसम्म चार दिन विभिन्न विधिसाथ मनाइने चैते छठ पर्वको आज दोस्रो दिन व्रतालुले 'खरना' विधिको तयारी गरेका छन् । पर्वको पहिलो दिन शुक्रबार व्रतालुहरू 'नहाय–खाय' (पवित्र स्नान गरेर शुद्ध खाने) विधिबाट पर्व प्रारम्भ गरेका थिए । पर्वको पहिलो दिन पवित्र स्नान गरेर व्रत सङ्कल्प गरी चोखोनितो खाने चलन छ । शरद र वसन्त ऋतुमा गरी वर्षमा दुई पटक मनाइने छठ सूर्य उपासनाको पर्व हो । शरद ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ । मधेशमा छठ जनजन परिचालन हुने महापर्व मानिन्छ । यद्यपि कात्तिकको छठ जति चैती छठ पर्व मनाउने भने देखिँदैनन् । शनिबार खरनाको दिन व्रतालुहरूले दिन दिनभरि उपवास बसेर बेलुका चन्द्र दर्शन गरिसकेपछि मात्रै फलाहार ग्रहण गरेका छन् । माटोको नयाँ चुल्हो र माटाकै भाँडामा सख्खर, दुध र चामलको खीर पकाइ



केराको पातमा राखेर छठी मातालाई चढाएर व्रतालु र परिवारका अन्य सदस्यले प्रसादको रूपमा खाने गर्छन् । दिनभरि उपवास गर्ने व्रतालुले सूर्यास्तपछि चन्द्र दर्शन गरेर यो विधि सम्पन्न गर्नेछन् । व्रतालुले पर्वको पहिलो दिन 'नहाय–खाय' (पवित्र स्नान गरेर शुद्ध खानेकुरा खाइने) विधि सम्पन्न गरिसकेका छन् । पर्वको तेस्रो दिन सूर्य उपासनाको निराहार व्रत बसेर व्रतालुले जलाशयमा पुगेर अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिनेछन् । यसलाई नेपालको तराई मधेश क्षेत्रमा 'संझिया घाट' भन्ने गरिएको छ । त्यसैगरी सप्तमीका दिन बिहान व्रतालुले उदाउँदा सूर्यलाई दोस्रो अर्घ्य दिएर पर्व समापन गर्ने चलन छ । यसलाई 'परना' भनिन्छ । छठ पर्वमा बनाइएका प्रसाद ठकुवा, पुडुकीयासहितका मिष्टान्न परिकार इष्टजनकलाई घरमै बोलाएर ख्वाउने र आफन्त नातेदारकहाँ पुऱ्याउन जाने परम्परा छ ।

# परीक्षाको नतिजा सार्वजनिक


वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा,
मधेश प्रदेश, नेपाल
२०७३

प.सं.: शिक्षा २०८०/०८१ मिति : २०८०/१२/३०
च.नं.:

कक्षा ८ को नगरस्तरीय परीक्षाको नतिजा प्रकाशन सम्बन्धी सूचना !

प्रस्तुत विषयमा वीरगंज महानगरपालिकाद्वारा मिति २०८०/१२/१५ गतेदेखि २०८०/१२/२२ गतेसम्म सञ्चालन भएको नगरस्तरीय परीक्षामा सफल भएका परीक्षार्थीहरूको नतिजा नगरस्तरीय परीक्षा समितिको मिति २०८०/१२/३० गतेको निर्णयानुसार देहाय बमोजिम प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(हरि राउत)
सदस्य सचिव
नगरस्तरीय परीक्षा समिति

स्वस्थ सुन्दर विकासको शहर वीरगंज नगर
filename:-newletterpad2073 २

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षाको नतिजा शुक्रबार सार्वजनिक गरेको छ । गत चैत १५ देखि २२ गतेसम्म संचालन भएको कक्षा ८ को महानगरस्तरीय परिक्षाको शुक्रबार ग्रेडिङ पद्धतिमा नतिजा सार्वजनिक गरिएको हो । परीक्षामा सामेल भएका सामुदायिक र संस्थागत विद्यालयका ५ हजार ५७१ विद्यार्थीमध्ये ४ हजार १४४ जना अर्थात ७४.३८ प्रतिशत विद्यार्थी सफल भएको महानगरका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले जानकारी दिए । कक्षा ८ को महानगरस्तरीय परिक्षाका लागि विभिन्न ११ वटा परीक्षा केन्द्रबाट ५ हजार ५७१ जना विद्यार्थीले परीक्षा दिएका थिए ।

आधारभूत तहबाटै अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन र शैक्षिक गुणस्तर उकास्ने उद्देश्यले वीरगंज महानगरले पहिलो पटक एकीकृत परीक्षा प्रणालीबाट आधारभूत तहको बार्षिक परिक्षा लिएको थियो । परीक्षाले सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाई उपलब्धी मापन गर्नसहज भएको महाशाखा प्रमुख कर्णले बताए ।

प्रकाशित नतिजा महानगरको वेबसाइट र सामाजिक सञ्जाल फेसबुकमा महानगरको शिक्षा महाशाखाको आधिकारिक पेजबाट हेर्न सकिने पनि उनले बताए ।

# बालिका भारत लैजान खोज्ने पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सामाजिक सञ्जाल मार्फत प्रेम गरी ललाईफाकाई नेपाली नाबालिक किशोरीलाई भारत लाग्न खोजिरहेको अवस्थामा एक जना युवक पक्राउ परेका छन् । १७ वर्षीय नाबालिक किशोरीलाई सामाजिक सञ्जाल मार्फत चिनजान गरी प्रेम जालमा फसाएर विवाहको झुटो आश्वासन दिई भारत लग्न खोजिरहेको अवस्थामा भारतीय सुरक्षाकर्मीहरूले वीरगंजको सीमावर्ती सहर रक्सौलबाट पर्साका जगरनाथपुर गाउँपालिकास्थित पाण्डेपुर गाउँका २७ वर्षीय मोहम्मद मन्जुर आलम खान पक्राउ गरेको हो । खानलाई भारतको मानव तस्कर रोधी इकाई (क्षेत्रीय मुख्यालय) बेतिया कार्यालय ४७ औँ बाहिनी सशस्त्र सीमा बल रक्सौल पूर्वी चम्पारण बिहारले 'मिसन निर्भया' अन्तर्गत सीमाबाट पक्राउ गरेको थियो ।

भारतीय प्रहरीले प्राप्त गरेको पूर्व सूचनाका अनुसार वीरगंजलाई भारतीय सीमावर्ती सहर रक्सौलसँग जोड्ने मितेरी पुलमा कडा निगरानी पश्चात् खान पक्राउ परेको भारतीय सुरक्षा फौज एसएसबीका प्रहरी निरीक्षक (इन्स्पेक्टर) मनोज कुमार शर्माले जानकारी दिए ।

# माइस्थानमा निःशुल्क खाना खुवाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको माइस्थानमा निशुल्क खाना खुवाइएको छ । वीरगंजका व्यवसायी तथा समाजसेवीहरुले नयाँ वर्षको अवसरमा सर्वसाधारण तथा ती क्षेत्रमा आवतजावत गर्नेहरुलाई निशुल्क खाना खुवाएका हुन् ।

समाजसेवीहरु अशोक गुप्ता, प्रकाश बाहेती, राधेश्याम कानु, हरेन्द्र सहनीसँगै मनोज रौनियार लगायतले नयाँ वर्षदेखि नयाँ सामाजिक कार्यको थालनी गरेका हुन् ।

अबदेखि प्रत्येक साताको शनिबार निशुल्क खाना खुवाउने योजना रहेको व्यवसायीसमेत रहेका रौनियारले बताए । भोकाएकाहरुको भोक मेटाउने ठूलो पुण्यको काम भएको उनको भनाई छ । रौनियारका अनुसार शनिबार पहिलो दिन ३ सय जनाले निशुल्क खाना खाएका छन् । भात, दाल, तरकारी र अचारसहित शाकाहारी खाना खुवाइएको उनले बताए । निशुल्क खाना खुवाउने कार्यबाट विशेष गरी निम्न वर्गीय श्रमिक लाभान्वित भएका छन् ।

पहिलो दिन ठेला तथा रिक्सा चलाउनेदेखि लिएर नियमित ज्यालामजदुरी गर्ने तथा माइस्थान क्षेत्रबाट आवतजावत गर्ने सर्वसाधारण एवम् पैदल यात्रुहरुसमेत खाना खान पुगेका थिए ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन